आन्दोलनलाई संस्थागत गर्न जेनजी समूहलाई... पृष्ठ ५ मा



जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २७ •अंक १५८ • २०८२ साल कार्तिक २१ गते शुक्रबार (7 November, Friday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## जसपा नेपालको २२ बुँदे प्रस्ताव पारित



**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) नेपालको केन्द्रीय समितिको दुई दिने जारी बैठक २२ बुँदे प्रस्ताव पारित गर्दै सम्पन्न भएको छ।

पार्टी अध्यक्ष उपेन्द्र यादवद्वारा बुधबार प्रस्तुत राजनीतिक प्रतिवेदनमाथि नेताहरुले धारणा राख्दै बिहीवार सर्वसम्मतिले पारित गरिइएको हो।

अध्यक्ष यादवले नेपालको वर्तमान राजनीतिक परिस्थिति र जसपा नेपालको दृष्टिकोण एवं कार्यदिशा, पार्टीको संगठनात्मक कार्ययोजना, पार्टी एकता, मोर्चा र चुनावी तालमेललगायतका शीर्षकमा २२ बुँदे प्रतिवेदन पारित भएको पार्टीका प्रचार विभाग प्रमुख पूर्ण बस्नेतले जानकारी दिए।

बैठकले अध्यक्षद्वारा प्रस्तुत संगठनात्मक प्रस्ताव उपर समेत निर्णय गरिएको छ। जसपा नेपालले जनताको अधिकार र समावेशी लोकतन्त्रको सुदृढीकरणका लागि ठोस कदम चाल्न सरकारसँग माग गरेको छ।

संघीयता, गणतन्त्र र धर्मनिरपेक्षताको पूर्ण कार्यान्वयनमा सरकार गम्भीर बन्नु पर्ने, संविधान संशोधनमार्फत पहिचान, समानुपातिकता र समावेशी प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने, मधेश, थारू, जनजाति, दलित र पिछडिएका समुदायका अधिकारका मुद्दा सम्बोधन गर्न विशेष पहल गर्नुपर्ने र बेरोजगारी घटाउने उद्देश्यले रोजगारीमुखी नीति र कार्यक्रम ल्याउन सरकारलाई आग्रह गर्ने प्रस्तावहरु रहेको बुझिएको छ।

देशको राजनीतिक स्थिरता, संघीयताको प्रभावकारी कार्यान्वयन र जनजीविकासम्बन्धी मुद्दालाई प्राथमिकता दिँदै आगामी रणनीति तय गरेको बस्नेतले बताए। बैठकमा केन्द्रीय पदाधिकारी, प्रदेश इन्चार्जहरू, र विभिन्न विभागीय संयोजकहरूको उपस्थिति रहेको थियो।

### प्रदेश सांसदका स्वकीय सचिवहरु तलबविहीन

## प्रदेश सरकारको अन्योलता बढ्दै, अन्तरिम सरकार हावी हुन खोजेको आरोप

**टुडे समाचारदाता**

जनकपुरधाम । खर्च कटौती गर्न संघीय सरकारको अर्थ मन्त्रालयले संघ र प्रदेश सहितका सांसदले स्वकीय सचिव र संसदीय दलका नेता तथा प्रमुख सचेत लगायतले सचिवालय राख्न नपाउने गरेको निर्णयमा मधेश प्रदेश सरकारले कुनै निर्णय नगरेको कारण अन्योलता बढेको छ।

निर्वाचन खर्च व्यवस्थापनका लागि अनुत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्न भनेर संघ राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र राष्ट्रिय सभाका अध्यक्ष, प्रदेश प्रमुख, नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्री बाहेक सांसदलगायत अन्य राजनीतिक पदाधिकारीको स्वकीय सचिव र सचिवालयको सुविधा खारेज गर्ने निर्णय गरेको थियो।

संघ सरकारको अर्थमन्त्रालयले निर्णय गरेको डेढ महिनाभन्दा बढी समय बितिसक्दा पनि प्रदेश सरकारले यस सम्बन्धमा कुनै निर्णय गर्न नसक्दा स्वकीय सचिव तथा सचिवालयका कर्मचारीहरु असोज महिनादेखि नै तलब खान पाएका छैनन्। तलब नपाएपछि ती स्वकीय सचिव तथा सचिवालयका कर्मचारीहरु बस्ने कि नबस्ने अन्यौलतामा छन् भने सांसदहरु समेत द्विविधामा छन्।

प्रदेश सरकारको प्रदेश प्रमुख, मुख्यमन्त्री र मन्त्री बाहेक संसदीय दलका नेता र प्रमुख सचेतकहरुले राखेको स्वकीय सचिवालय र सांसदहरुका स्वकीय सचिवलाई प्रदेश सभा तलब खुवाउँदै आएको छ। प्रदेश सभाले प्रदेश सरकारबाट कुनै निर्णय नआएकाले अहिलेसम्म तलब रोकिएर राखिएको जनाएको छ।



प्रदेश सभाका मुख्य सचिव बासुलाल कोइरालाले भने 'तलब खुवाउने प्रदे्श सभाको जिम्मेवारी हो, तर प्रदेश सरकारको कानूनभित्र रहेर काम गर्ने भएकाले अहिलेसम्म प्रदेश सरकारले कुनै निर्णय नगरेकाले तलब रोकेर राखेका छौं, निर्णय आए बमोजिम हामी अघि बढ्नेछौं।'

मधेश प्रदेश सभाका १०४ सांसद मध्ये ३ जना मुख्यमन्त्री सहित मन्त्रीमा गएपछि १०१ जना सांसदका स्वकीय सचिव र प्रमुख सचेतक तथा संसदीय दलका नेताको कार्यालय सहित १६ संसदीय कार्यालयको तलब रोक्का गरिएको संसदीय व्यववस्थाका लालबाबु यादवले जानकारी दिए।

उनले भने 'नेपाल सरकारको अर्थमन्त्रालयले परिपत्र गरेको हो, तर हामी प्रदेश मातहत भएकाले निर्णयको न कार्यान्वयन र न अवहेलना नै गरेका छौं, प्रदेश सरकारको निर्णयको पर्खाइमा छौं, निर्णय आएपछि नै अघि बढ्ने छौं।'

यता प्रमुख सचेतक र संसदीय दलका नेताहरुले संघीय अर्थ मन्त्रालयको यो निर्णय संघीयता र संवैधानिक व्यवस्थाविरुद्ध रहेको भन्दै आपत्ति जनाएका छन्।

जसपा नेपालका प्रमुख सचेतक रामआशिष यादवले भने संघीय सरकारको निर्णय आउने बित्तिकै हामीले सचिवालय हटाइसकेका छौं। तर राख्ने/नराख्ने प्रदेश सरकारको निर्णयको पर्खाइमा छौं। उनले अघि थप्दैं भने, 'यो संवैधानिक संघीयता व्यवस्थामाथिको प्रहार हो। प्रदेशको आफ्नो छुट्टै कानून बनाएर निकाय गठन वा कर्मचारी राख्ने सक्ने संवैधानिक व्यवस्था भए पनि संघीयता समाप्त पार्न यो अन्तरिम सरकार लागेकोमा चिन्ता छ।' यस्तै नेपाली कांग्रेसका प्रमुख सचेतक कुमरकान्त झा समेतले आफूहरु सचिवालयको कर्मचारी हटाई सकेका छौं। तर अहिलेसम्म काम गरिसकेका ती स्वकीय सचिव तथा सचिवालय कर्मचारीहरुको तलब अविलम्ब उपलब्ध गराउन प्रदेश सरकारसंग माग गरेका छन्। उनले पनि संघको अन्तरिम सरकारविरुद्ध खनिदै भने प्रदेशमाथि हावी हुन खोजेको भन्दै मधेश सरकारले यसविरुद्ध लाग्नुपर्ने बताए।

यसैबीच जनमत पार्टी संसदीय दलका नेता एवं विना विभागीय मन्त्री महेशप्रसाद यादवले संघीय अर्थमन्त्रालयको परिपत्र आउने बित्तिकै सबै सांसदले स्वकीय सचिव र सचिवालय कर्मचारीहरु अनौपचारिक रुपमा हटाइसकेको बताए। तर पछिल्लो पटक प्रधानमन्त्रीसँगको बैठकमा मुख्यमन्त्रीहरुले गुनासो राखेपछि सो निर्णय बदर गरिसकिएको उनको भनाइ छ।

बदर गरिएको परिपत्र आइसके पनि प्रदेश सरकार आफै व्यवस्थित हुन नसकेको कारण अहिलेसम्म यसबारे कुनै निर्णय गरिएको छैन। मुख्यमन्त्रीज्यूले विश्वासको मत लिए लगतै मन्त्रिपरिषद्को बैठकबाट प्रदेश कानुन बमोजिम स्वकीय सचिव तथा सचिवालय राख्न पाउने व्यवस्थाको निरन्तरतासहितका निर्णय गरिने जनाएको छ।

मधेश सरकारको पछिल्ला मन्त्रिपरिषद्ले यसबारे निर्णय गर्न खोजे पनि मुख्यमन्त्री सतीशकुमार सिंह आफै विवादमा रहेका कारण निर्णय गर्न सकेनन्। अहिले नवगठित सरकारका मुख्यमन्त्री जितेन्द्रप्रसाद सोनल नियुक्त भएको तीन साता बित्दा पनि उनी विश्वासको मत लागि आन्तरिक गृहकार्यमा छन्।






# विभिन्न मुद्दाका फरार प्रतिवादी पक्राउ

**दिलिप पाण्डे**

रौतहट । जिल्ला प्रहरी कार्यालय रौतहटले विभिन्न आपराधिक घटनामा संलग्न र अदालतबाट फरार रहेका एघार जना प्रतिवादीलाई पछिल्लो एक साताभित्र पक्राउ गरेको छ। पक्राउ परेकामाथि आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको प्रहरी कार्यालय रौतहटले जनाएको छ।

प्रहरीका अनुसार बैंकिङ्ग कसुर अन्तर्गत गरुडा नगरपालिका ५ शिवनगरका ३५ वर्षीय अभय कुमार प्रसाद साह र बौधिमाई नगरपालिका १ अजगैबीका ३० वर्षीय किसोरी प्रसाद यादवलाई पक्राउ गरिएको हो । दुबैजनाले सापटी रकमका बापत दिएको चेक बाउन्स भएपछि फरार रहेका थिए।

त्यस्तै, नकबजनी चोरी मुद्दामा अदालतबाट १ वर्ष १ महिना १५ दिन कैद र १ लाख ५४ हजार ७ सय रुपैयाँ जरिवाना ठहर भई फरार रहेका राजदेवी नगरपालिका ८ का दिनेश कुमार चौधरीलाई प्रहरीले पक्राउ गरी अदालतमा पेश गरेको छ।

ज्यान मार्ने उद्योग मुद्दामा फरार रहेका तीन जना गरुडा ६ का राजकिशोर यादव, वृन्दावन ३ का युगल किशोर यादव र माधवनारायण ४ का रामअज्ञा मुखिया बिनलाई पनि प्रहरीले फरार सूचीबाट पक्राउ गरेको छ।

यसैगरी वृन्दावन नगरपालिका ८ बहुअरीका नईमुदिन दर्जीलाई आगजनीसम्बन्धी मुद्दामा पक्राउ गरिएको छ। उनले मनोज प्रसाद यादवको घरमा आगो लगाई धान, गहुँ, मसुरासहितका खाद्यान्न नष्ट गरेको आरोप लागेको छ।

मोबाइल लुटपाट प्रकरणमा ईशनाथ नगरपालिका ३ का २१ वर्षीय मनिष कुमार साहलाई झाझ पुलनजिक पक्राउ गरिएको छ। उनले धारिलो हतियार देखाई मर्निङ वाकमा रहेका युवकलाई लुटेको आरोप लागेको प्रहरीको भनाइ छ।

त्यस्तै लेनदेन मुद्दामा अदालतको फैसला अनुसार एक महिनाको कैद सजाय भोग्नुपर्ने ईशनाथ ७ का जादोलाल साहलाई समेत प्रहरीले पक्राउ गरी अदालतमा उपस्थित गराएको छ।

यता, गत भदौ २४ गते भएको जेनजी आन्दोलनको क्रममा कारागार कार्यालय गौरबाट भागेका दुई जना मध्ये कर्तव्यज्यान मुद्दाका कैदी चन्द्रपुर १ का नागेन्द्र माझीलाई प्रहरीले गाउँमै लुकीछिपी बसिरहेको अवस्थामा पक्राउ गरी पुनः कारागारमा बुझाएको छ । जबरजस्ती करणी मुद्दाका थुनुवा देवाही गोनाही ६ का सुधिर कुमार राम भने आफैं कारागारमा उपस्थित भएका छन् ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायव उपरीक्षक विष्णु प्रदीप बस्यालका अनुसार सबै पक्राउ परेकामाथि सम्बन्धित मुद्दा अनुसार थप अनुसन्धान जारी छ।

# फतुवा बिजयपुरमा तीनतल्ले नमूना विद्यालय भवन उद्घाटन

**टुडे समाचारदाता**

रौतहट । रौतहटको फतुवा बिजयपुर नगरपालिका-१०, दुधिआवामा नवनिर्मित आधुनिक नमुना विद्यालय भवनको बुधबार भव्य समारोहका बीच उद्घाटन गरिएको छ।

शिक्षा मन्त्रालयको नमुना विद्यालय कार्यक्रम अन्तर्गत करिब ३ करोड ७० लाख रुपैयाँको लागतमा निर्मित




तीन तल्ले १२ कोठे सुविधा सम्पन्न भवनको संयुक्त रूपमा कार्यवाहक नगर प्रमुख अम्बेया खातुन र प्रमुख प्रशासकीय अधिकृत भरत प्रसाद यादवले उद्घाटन गरेका हुन्।

मावि दुधिअवाका प्रधानाध्यापक रबिन्द्र जयसवालको अध्यक्षता तथा क्याम्पस प्रमुख रञ्जन खरेलको समन्वयमा कार्यक्रम आयोजना गरिएको थियो। क्याम्पस प्रमुख खरेलले नयाँ भवन निर्माणपछि विद्यार्थीहरूको पठनपाठन अझ सहज र प्रभावकारी हुने विश्वास व्यक्त गरेका छन्।

सो अवसरमा कार्यवाहक नगर प्रमुख खातुनले विद्यालयमा शिक्षक अभाव रहेको विषय उठाउँदै छिटोभन्दा छिटो शिक्षकको व्यवस्था गर्ने र नगरपालिका तर्फबाट आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाइकी थिइन्। कार्यक्रममा शिक्षा शाखा प्रमुख सुधीर कुशवाहा, इन्जिनियर महम्मद फिरोज, योजना प्रमुख रामाशंकर यादव, पालिकाभित्रका सम्पूर्ण प्रधानाध्यापक, स्थानीय जनप्रतिनिधि, सञ्चारकर्मी, अभिभावक, बुद्धिजीवी र शिक्षाप्रेमीहरूको उपस्थिति रहेको थियो।

नयाँ भवनसँगै श्री माध्यमिक विद्यालय दुधिआवाले अब शैक्षिक वातावरणमा नयाँ अध्यायको सुरुवात गर्ने अपेक्षा गरिएको छ।

# निर्वाचन नजिकिँदै जाँदा मतदाता नामावलीमा नाम दर्ता गर्नेको भीड

**टुडे समाचारदाता**

जनकपुरधाम । आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनको लागि मधेश प्रदेशस्थित जिल्ला निर्वाचन कार्यालयमा मतदाता नामावली दर्ता गराउने सेवाग्राहीको भीड दिनानुदिन बढ्दै गएको छ।

राजनीतिक दलहरूले तयारीमा सक्रियता देखाइरहेका बेला आम नागरिकहरू आफ्नो नाम मतदाता नामावलीमा समावेश गर्न व्यस्त देखिएका छन्।

बाराका प्रमुख निर्वाचन अधिकृत नवीन चौधरीका अनुसार निर्वाचनसम्बन्धी अध्यादेश असोज १० गते जारी गरेपछि कार्तिक १९ गतेसम्म तनि हजार ८५० जना नयाँ मतदाता थपिएको छ।

जसमध्ये दुई हजार हजार ४३७ पुरुष र एक हजार ४१३ जना महिला गरि तीन हजार ८५० जना नयाँ मतदाता थपिएका उनले बताए।

उनले भने, "दैनिक दुई सयदेखि २५० जना सेवाग्राही नाम दर्ता, संशोधन र अद्यावधिकका लागि कार्यालय आउने गरेका छन्।"

आयोगले नाम दर्ता तथा अद्यावधिकको समय कार्तिक



मसान्तसम्म तोकेको छ, नाम दर्ता प्रक्रिया खुला गरेपछि दैनिक सयौँ नागरिकहरू कार्यालयमा आउने गरेका छन्।

त्यस्तै, १७८ जनाले नाम, ठेगाना र थरमा त्रुटि सच्याउने तथा अद्यावधिक गराउने काम गरेका छन् । बारा जिल्लामा हालसम्म कुल मतदाता सङ्ख्या चार लाख ४० हजार ५१५ जना छन्।

जसमध्ये एक लाख ९९ हजार ३४३ जना महिला, दुई लाख ४१ हजार १६१ जना पुरुष र ११ जना अन्य तेस्रो लिङ्गी रहेको जिल्ला निर्वाचन कार्यालय बाराका नायब सुब्बा तथा सूचना अधिकारी मुकेशकुमार सिंहले जानकारी दिनुभयो । यो सङ्ख्या २०८२ असार मसान्तसम्मको तथ्यांक रहेको छ।

उनका अनुसार दरबन्दी अभावका बीच पनि कार्यालयले सहायक कर्मचारीहरूको सहयोगमा हरेक दिन बिहान ८ बजेदेखि साझा ६ बजेसम्म मतदाता नामावली दर्ता, संशोधन र अद्यावधिकको कार्य नियमित रुपमा सञ्चालन भइरहेको सिंहले बताए।

निर्वाचन नजिकिँदै गर्दा जनचासो र सहभागिता बढ्दै गएको देखिएको छ । स्थानीय तहका बासिन्दाहरू आगामी निर्वाचनमा आफ्नो मताधिकार प्रयोग गर्न उत्साहित देखिए।

युवादेखि वृद्धासम्मको नागरिकहरू लोकतान्त्रिक अधिकारको प्रयोगका लागि मतदाता नामावलीमा नाम समावेश गराउन उत्साहपूर्वक कार्यालयमा आउने गरेका छन्।

निर्वाचन कार्यालयले नाम छुटेका मतदाताहरूलाई निर्धारित समयभित्र नाम दर्ता गर्न अनुरोध गर्दै सूचना अभियान पनि सञ्चालन गरिएको छ।

# जलनको पीडा रोकथामप्रतिको उदासिनता

काठमाण्डु । पोखरा भ्रमण वर्षको उद्घाटन गर्दा बेलुन पड्किएर तत्कालीन अर्थमन्त्री विष्णु पौडेल र पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य घाइते हुनुभएको थियो। भ्रमण वर्षको उद्घाटन बेलुन उडाएर गर्ने क्रममा हाइड्रोजन ग्यास भरिएको बेलुन अकस्मात पड्किएको थियो । तत्कालै उहाँहरुलाई गण्डकी अस्पताल लगिएको त्यहाँ उपचार नभएपछि काठमाडौँको कीर्तिपुरस्थित बर्न अस्पतालमा भर्ना गरिएको थियो।

तीन वर्षअघि २०७९ फागुन ३ गते राति बुद्धनगरस्थित निवासमा ग्यास सिलिण्डर बिस्फोटबाट नेपाली कांग्रेसका नेता चन्द्र भण्डारी र उहाँकी आमा हरिकला गम्भीर घाइते बन्नुभयो। सांसद शंकरको दुवै हात, दुवै खुट्टा गरी करिब ३० प्रतिशत भाग जलन भएको छ भने उहाँकी आमाको करिब ७० प्रतिशत भाग जलन भएको थियो । केही दिनमै जलनको पीडाका कारण आमाको निधन भयो भने शंकरले भारतमा उपचार गरी नयाँ जीवन पाउन सफल हुनुभएको छ।

यी केही प्रतिनिधि घटना मात्रै हुन्। साना वा ठूला खालका जलनका घटनाहरु देशमा दिनहुँ भइरहेका छन् र त्यसबाट धेरैले ज्यान गुमाउनुपर्ने, घाइते वा जीवनभर अङ्गभङ्ग हुनुपर्ने र ठूलो भौतिक क्षति व्यहोर्नुपरेको छ। उपचार महँगो, लामो र पीडादायक हुने भएकाले धेरै बिरामी प्रारम्भमै अस्पताल पुग्न सक्दैनन् । यसले मृत्यु दर र अपाङ्गता दुवै बढाउछ। स्वास्थ्य मन्त्रालयको तथ्याङ्कअनुसार हरेक वर्ष नेपालमा ५५ हजारजनामा जलनको समस्या हुन्छ । त्यसमध्ये दुई हजारको मात्रै ठूला अस्पतालमा उपचार हुन्छ भने कतिपय बिरामी उपचार नपाएर ज्यान गुमाउने गरेका छन् । अस्पतालमा आएका बिरामीको ३० प्रतिशत बालबालिका र ५० प्रतिशत महिला रहने गरेका छन्। जाडोको मौसममा धेरै घटना हुने गर्दछ थियो।

जलनको समस्या एउटा गम्भीर सार्वजनिक स्वास्थ्य समस्या हो । प्रत्येक वर्ष हजारौँ मानिस आगो, तातो पदार्थ, विद्युत् वा रासायनिक पदार्थका कारण जलनबाट पीडित हुने गर्छन् । विशेषगरी ग्रामीण क्षेत्रमा परम्परागत चुल्हो, असावधानीपूर्वक ग्यास प्रयोग, र बालबालिकाको लापरबाहीका कारण जलनका घटना धेरै देखिन्छन्। गृह मन्त्रालयको तथ्याङ्कअनुसार सन् २०१५ देखि २०२४ सम्म २४ हजारभन्दा बढी आगलागीका घटना हुने गरेको र यसबाट ८३३ जनाको मृत्यु भएको देखिन्छ। जलनको समस्या नेपालमा मात्र होइन, विश्वका धेरै देशका लागि गम्भीर स्वास्थ्य चुनौतीको रूपमा रहेको छ । विश्व स्वास्थ्य सङ्गठनका अनुसार बर्सेनि विश्वमा एक करोड १० लाख मानिस गम्भीर प्रकारका जलनमा पर्छन् ।

रास्वपा नेता विन्दवासिनी कंसाकारले जलनसम्बन्धी विधेयक पारित गर्नुपर्नेमा जोड दिनुहुन्छ । उहाँले संसद्मा दर्ता भएको जलन उपचारसम्बन्धी विधेयकलाई अघि बढाउन माग गर्नुभएको थियो। उक्त विधेयक सात महिनाअघि संसद्मा दर्ता भएको थियो । सांसद कंसाकारले जलन उपचार केन्द्र स्थापना गर्नुपर्ने र आवश्यक स्रोतसाधन, दक्ष जनशक्ति तथा आपत्कालीन उद्धार प्रणालीमा व्यवस्थापन गर्नुपर्नेमा जोड दिनुभएको थियो । सरकारले गतवर्ष जलनको उपचार निःशुल्क गर्ने निर्णय गरेपनि अझसम्म त्यसको कार्यान्वयन भएको छैन । जलनका बिरामीको उपचार निःशुल्क गर्नका लागि अझै कार्यविधि बनेको छैन । कार्यविधिअनुसार जटिल खालको बिरामीका लागि पाँच लाखसम्म उपलब्ध गराउने भनिए पनि यस निर्णयको कार्यान्वयन नहुँदा निम्न वर्गका बिरामी समस्यामा परेका छन्। बीस प्रतिशतभन्दा कम जलेका बिरामीलाई सामान्य, त्यसभन्दा बढी




जलेको बिरामीलाई नाजुक अवस्था मानिन्छ। चिकित्सकका अनुसार स्रोतसाधन उपलब्ध भए र समयमै अस्पतालमा पुग ९५ प्रतिशतसम्म जलेको बिरामीलाई पनि निको पार्न सकिन्छ। यस्तो अवस्थामा नेपालमा उपचारसमेत सम्भव नहुने चिकित्सक बताउँछन्।

## अस्पतालको अभाव

नेपालमा जलनको उपचार अवस्था अझै पनि चुनौतीपूर्ण र असमान रहेको छ । देशभर जलनका बिरामी धेरै भए पनि उपचारका सुविधा सीमित छन् । हाल देशका आठ वटा अस्पतालमा मात्र जलनको उपचार हुन्छ। यीमध्ये चार वटा अस्पताल त काठमाडौँमा मात्रै छन् । जलनको घाइतेको पूर्णउपचार कीर्तिपुर बर्न अस्पताल, सुष्मा कोइराला मेमोरियल अस्पातल साँखुमा हुने गरेको छ। वीर अस्पताल, शिक्षण अस्पताल, धरान, पोखरा र चितवनका केही अस्पतालमा पनि जलन उपचारका आंशिक सेवा उपलब्ध भएपनि सबै ठाउँमा विशेषज्ञ सुविधा छैन । कीर्तिपुर अस्पतालमा बर्सेनि छ सय बिरामी अस्पताल पुग्ने गर्छन् भने टिचिङमा तीन सय र सुष्मा मेमोरियलमा तीन सय बिरामी पुग्ने गरेको ती अस्पतालको तथ्याङ्क छ। जलनमा परेपछि काठमाडौँ आउनेमध्ये ९० प्रतिशतभन्दा बढी बिरामी काठमाडौँ बाहिरका हुने कीर्तिपुर बर्न अस्पतालको तथ्याङ्कमा उल्लेख छ । यहाँ आधुनिक बर्न युनिट, प्लास्टिक सर्जरी र पुनर्स्थापना सेवाहरू उपलब्ध छन्।

जलनका घाइतेलाई उपचार गर्न भनेर बनाइएका सरकारी अस्पताल छैनन्। जलनका बिरामीहरूको शरीरका विभिन्न अङ्गहरूमा फरकफरक किसिमको जटिलता देखिने भएकाले जलनकै लागि मात्र भनेर सरकारी अस्पताल छैनन्। काठमाडौँ बाहिर जलनको उपचार नहुँदा र कतिपय अवस्थामा यसको प्रारम्भिक उपचारसमेत सही ढङ्गमा नहुँदा बिरामीको परिवार आर्थिक तथा मानसिक तनाव हुने गर्दछ। यद्यपि, पछिल्लो समय सबै खाले रोगको उपचार हुने सङ्घीय अस्पतालमा चारदेखि छ वटा शय्यासहित जलन विभाग छुट्टाइएको छ । प्रशिक्षित जनशक्ति कमीः जलन उपचारमा विशेषज्ञ, चिकित्सक, नर्स र फिजियोथेरापिस्ट पर्याप्त नहुँदा अस्पतालले सेवा विस्तार गर्न सकेका छैनन्।

तीन महिनाको उपचारपछि संसद्मा सम्बोधन गर्ने क्रममा सांसद भण्डारीले भन्नुभएको थियो, "मैले उपचार गराएको अस्पताल (भारत) का डाक्टरले भन्नुभयो विगत तीन वर्षमा तीन जना मात्रै मानिस भेन्टिलेटरमा पुगेर बाँचेका रहेछन्। त्यसमध्ये म एउटा नेपाली सौभाग्यले बाँचेर आएर बोल्दैछु।" उहाँले जलनसम्बन्धी पाठ्यसामग्री विभिन्न तहको पाठ्यक्रममा समावेश गर्नुपर्नेमा जोड दिनुभएको थियो। कांग्रेस नेता चन्द्र भण्डारीले नेपालमा छुट्टै जलन उपचार हुने अस्पताल बनाउने घोषणा गरिए पनि स्थापना भएको छैन । जलनसम्बन्धी उपचार गर्ने बेग्लै अस्पताल सरकारको प्राथमिकतामा अब पर्नुपर्ने नेता भण्डारी बताउनुहुन्छ।

जलनको उपचार गर्ने अस्पतालको कमीका कारण घाइतेले समयमा उपचार पाउन सकेका छैनन्। दुर्गमका नागरिकलाई जलनको उपचार गराउन निकै नै सास्ती छ। तत्काल प्राथमिक उपचार नपाउँदा बिरामीको अवस्था जटिल हुन गई उपचारमा पनि थप जटिल हुन सक्छ । जलन शहरी क्षेत्रको तुलनामा दुर्गमका मानिसले नियमित भोगिरहेको समस्या भएको कीर्तिपुर अस्पतालका निर्देशक डा किरण नकर्मी बताउनुहुन्छ । नेपालमा जलन उपचारका लागि प्रमुख केन्द्र रहेको यस केन्द्रमा असी प्रतिशतभन्दा बढी जलनका बिरामी जाने गरेका छन् । उहाँका अनुसार अस्पतालमा अधिकांश बिरामी प्रायःकाठमाण्डौँ बाहिरका पहाड र तराईका जिल्लाबाट आउने गर्दछन्। आर्थिक अभावका कारण उनीहरू ढिला गरेर मात्रै आउने हुँदा समयमै उपचार नपाएर कतिपय अपाङ्ग हुन्छन् र कतिपयको निधन हुन्छ।

## जनचेतना अभिवृद्धिमा जोड

जलन रोकथामदेखि उपचारसम्मको सचेतना अत्यावश्यक भएकाले यसम्बन्धी जनचेतना अभिवृद्धि गर्नुपर्नेमा विज्ञहरुले जोड दिएका छन्। प्रा शङ्करमान राई पनि जलनको समस्या न्यून गर्न प्राथमिक तथा सेकेन्डरी रोकथामका उपायसँगै जनचेतना अभिवृद्धि गर्नुपर्नेमा जोड दिनुहुन्छ।रासस


ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : आज सवारी साधन तथा टेक्निकल क्षेत्र संग सम्बन्धित काम गर्दा ख्याल गर्नुहोला।
वृष : माया प्रेम तथा पति पत्नि बीचमा अविश्वास पैदा हुनेछ, ख्याल गर्नुहोला।
मिथुन : नयाँ प्रविधिको प्रयोग मार्फत नयाँ ज्ञान सिक्ने समय रहेको छ।
कर्कट : प्रेममा एक अर्कालाई विश्वास गर्न सकिनेछ।
सिंह : शैक्षिक परामर्श तथा चेतनामूलक कार्यक्रममा सहभागी हुने सकिने छ।
कन्या : व्यापार व्यावसायमा लागनी अनुसारको नाफा कमाउन केही पर्खनुपर्नेछ।
तुला : समयमा काम बन्ने हुनाले अन्य क्षेत्रमा लगानी गर्ने वातावरण बन्नेछ।
वृश्चिक : समय मध्यम खालको छ।
धनु : न्यायलयसंग सम्बन्धित काम गर्दा ध्यान दिनुहोला।
मकर : समयको महत्व नबुझ्नाले अनावश्यक दुख पाइनेछ।
कुम्भ: आज जुनसुकै कामबाट भने जस्तै आम्दानी हुनेछ।
मीन : आर्थिक कारोबार हुन सक्नेछ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ५:०० बजे |
| बिहान पूजा आरती | ८:०० बजे |
| भोगराज लाग्ने समय | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | १२:०० बजे |
| मन्दिर बन्द हुने समय | १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | ४००: बजे |
| रात्री आरती पूजा हुने समय | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | १०:०० बजे |

जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| बिहान पूजा आरती | ०७:०० बजे |
| बिहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझा | ०७:३० बजे |

राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| मंगल आरती | ०७:३० बजे |
| महाप्रसाद भोग | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:०० बजे |
| रात्रि भोग | ०९:०० बजे |
| पट बन्द | ०९:१५ बजे |



सप्तरीको राजविराजस्थित **कल्टुपोखरीमा** देखिएको फोहोरमैला । नगरपालिकाले आवश्यक सरसफाइ नगर्दा पोखरी दुर्गन्धित भएको छ । *तस्बिर : रासस*

# लामिछाने र जोशीको मुद्दाका फाइल झिकाउन आदेश

लुम्बिनी । उच्च अदालत तुलसीपुर, बुटवल इजलासले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने र तत्कालीन गोर्खा मिडियाका सञ्चालक छविलाल जोशीको मुद्दाको फाइल जिल्ला अदालतबाट झिकाउन आदेश भएको छ ।

उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा बुटवलको सुप्रिम सहकारी संस्थाको रकम ठगी र सङ्गठित अपराध अभियोगमा थुनामा रहेका उनीहरुको सुनुवाइका लागि विहिबार पेसी तोकिएको थियो । उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा न्यायाधीश वासुदेव आचार्य र ओमप्रसाद अर्यालको १ नम्बर इजलासमा जिल्ला अदालत रुपन्देहीले जारी गरेको आदेश र अन्य फाइल मगाउने आदेश भएको अदालतका सूचना अधिकारी रामबहादुर कुँवरले जानकारी दिनुभयो ।

यसअघि यही कात्तिक १३ गते तोकिएको पेसी जोशीका कानुन व्यवसायीको निवेदनका आधारमा सुनुवाइ स्थगित भएको थियो । त्यसअघि लामिछानेको मुद्दामा न्यायाधीशद्वय मिलनकुमार राई र ओमप्रसाद अर्यालको इजलासले एकै प्रकृतिका मुद्दा भएकाले जोशीसमेतको दुवै मुद्दा एकैसाथ राख्न आदेश दिएको थियो ।



बिगो बमोजिमको रकम बुझाइ थुनाबाहिरै बसेर मुद्दा लड्न सभापति लामिछानेले माग गरेकामा उच्च अदालतले उहाँसँगै जोशीको फाइल पेस गर्न आदेश दिएको थियो । यसअघि सभापति लामिछानेको मुद्दामा उच्च अदालत बुटवलले नै कैफियत प्रतिवेदन माग गर्ने आदेश दिएको थियो ।

बुटवलको सुप्रिम सहकारी ठगीमा रविसहितका प्रतिवादीलाई रु १० करोड ९९ लाख ३६ हजार सामूहिक बिगो कायम गरेर अभियोगपत्र दायर गरिएको छ । सहकारीमा अपचलन गरेको आफ्नो भागको बिगो रकम दाखिल गर्दा जिल्ला अदालत रुपन्देहीले रिहा नगरेपछि गत भदौ ९ गते उच्च अदालतमा निवेदन दर्ता गराउनुभएको थियो । लामिछानेले त्यसको चार भागमध्ये आफ्नो भागको एक भागबराबर बिगो बराबरको रु दुई करोड ७४ लाख ८४ हजारको बैंक जमानत निवेदनसाथ पेस गर्नुभएको थियो । गत साउन २६ गते जिल्ला अदालतका न्यायधीश नारायण सापकोटाको इजलासले लामिछानेको निवेदनमा सुनुवाइ गर्दै रिहा गर्न अस्वीकार गरेको थियो ।

लामिछानेले जस्तै जोशीले त्यति नै बिगोवापतको जमानत पेस गर्नुभएको थियो ।रासस

# राष्ट्रपति पौडेलको भ्रमण फलदायी

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेल कतारको दोहामा सम्पन्न दोस्रो विश्व सामाजिक विकास शिखर सम्मेलनमा सहभागी भई आज स्वदेश फर्कनुभएको छ । उहाँको भ्रमणबारे जानकारी दिँदै परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राईले भ्रमणका क्रममा उच्चस्तरीय भेटवार्ता हुनुका साथै फलदायी भएको बताउनुभयो ।

त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको अतिविशिष्ट कक्षमा सञ्चारकर्मीलाई राष्ट्रपति पौडेलको भ्रमणबारे जानकारी दिँदै सचिव राईले यो भ्रमणले अन्तरराष्ट्रिय मञ्चमा नेपालको उपस्थिति सुदृढ तुल्याएको उल्लेख गर्नुभयो । भ्रमणले नेपालजस्ता विकासोन्मुख राष्ट्रको हितमा आवाज बुलन्द गर्न महत्वपूर्ण योगदान पुऱ्याएको बताउनुभयो ।सम्मेलनको मुख्य सत्रलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले सामाजिक न्याय, समावेशिता र दिगो विकासप्रति नेपालको दृढ प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । उहाँले गुणस्तरीय शिक्षा, सबैका लागि स्वास्थ्य सेवा, महिला तथा युवा सशक्तीकरणका लागि विश्व समुदायबीच थप सहकार्य र हातेमालो गर्न आह्वान गर्नुभएको थियो ।



राष्ट्रपति पौडेल कतारका अमिर महामहिम शेख तमिम बिन हमाद अल-थानीको मैत्रीपूर्ण निमन्त्रणामा यही कात्तिक १८ देखि २० गतेसम्म दोहामा आयोजित उक्त सम्मेलनमा सहभागी हुन कात्तिक १७ गते काठमाडौँबाट प्रस्थान गर्नुभएको थियो । राष्ट्रपति पौडेलले समावेशिता र साझा समृद्धिलाई दिगो शान्ति, समुन्नति र मानवीय मर्यादाको आधारशिला भएको उल्लेख गर्दै सबैका लागि सामाजिक-आर्थिक विकास सुनिश्चित हुने भविष्य निर्माणमा जोड दिनुभएको थियो ।

राष्ट्रपति पौडेलले न्यायपूर्ण, समावेशी र दिगो विकासका लागि स्रोतसाधनमा समतामूलक पहुँच दोहा घोषणापत्रको प्रभावकारी कार्यान्वयन तथा अन्तरराष्ट्रिय सहकार्य आवश्यक रहेको उल्लेख गर्नुभएको सचिव राईले बताउनुभयो ।

### उच्चस्तरीय गोलमेचमा राष्ट्रपति पौडेलको सम्बोधन

राष्ट्रपति पौडेलले 'सामाजिक विकासका तीन स्तम्भको सुदृढीकरण : गरिबी निवारण, पूर्ण र उत्पादनशील रोजगारी तथा सबैका लागि मर्यादित काम र सामाजिक समावेशीकरण' शीर्षकको उच्चस्तरीय गोलमेच सम्मेलनलाई सम्बोधन गर्नुभएको थियो ।

त्यसैगरी, राष्ट्रपति पौडेलले दिगो र मानव-केन्द्रित सामाजिक विकासका लागि सुदृढ लोकतन्त्र, समावेशी नीति, जवाफदेही संस्था र पारदर्शी सार्वजनिक सेवा आवश्यक रहेकामा जोड दिनुभएको सचिव राईले बताउनुभयो । भ्रमणका दौरान राष्ट्रपति पौडेल र संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसबीच शिष्टाचार भेटवार्ता भएको थियो । भेटमा राष्ट्रपति पौडेलले नेपालले नगण्य कार्बन उत्सर्जन गरे पनि जलवायु परिवर्तनका गम्भीर असर व्यहोर्नु परेको बताउँदै ती असर न्यूनीकरणका लागि अन्तरराष्ट्रिय सहयोग बढाउन आग्रह गर्नुभएको थियो । त्यस अवसरमा नेपाल र संयुक्त राष्ट्र सङ्घबीचको सम्बन्ध सुदृढीकरणका विषयमा विचार-विमर्श भएको सचिव राईले बताउनुभयो ।

महासचिव गुटेरेसले नेपालले संयुक्त राष्ट्र शान्ति मिसनमार्फत विश्व शान्ति र सुरक्षामा पुर्याएको योगदानको प्रशंसा गर्दै जलवायु परिवर्तनको असरको मारमा परेका नेपालजस्ता मुलुकलाई अनुकूलनका लागि सहयोग जुटाउने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । उहाँले नेपालका लोकतान्त्रिक संस्थाहरू आफ्ना समस्या समाधान गर्न सक्षम रहेकामा राष्ट्रसङ्घको विश्वास रहेको बताउनुभएको थियो ।

राष्ट्रपति पौडेल सम्मेलनमा सहभागी मुलुकका प्रतिनिधिमण्डलका प्रमुखहरूको सम्मानमा कतारका अमीर महामहिम शेख तमिम बिन हमाद अल-थानीले आयोजना गर्नुभएको दिवाभोजमा सहभागी हुनुभएको थियो । भ्रमणका क्रममा राष्ट्रपति पौडेलले दोहास्थित नेपाली राजदूतावासको अवलोकन गर्नुका साथै त्यहाँस्थित नेपाली समुदायका प्रतिनिधिसँग भेटघाट गरी उहाँहरूको अवस्थाबारे जानकारी लिनुभएको थियो । साथै कतारमा रहेका नेपाली श्रमिक र व्यवसायीको हितमा काम गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभएको थियो ।

त्यस अवसरमा राष्ट्रपति पौडेल कतारका लागि नेपाली राजदूत रमेशचन्द्र पौडेलले राष्ट्रपति पौडेलको सम्मानमा आयोजना गर्नुभएको थियो । रासस

# टेलिकम कम्पनीको घट्दो आम्दानीमा चर्को करको मार

काठमाण्डु । पछिल्ला सात वर्षमा टेलिकम सेवाप्रदायक कम्पनीको आम्दानी करिब २८ प्रतिशतले घटेको छ । नेपाल दूरसञ्चार प्राधिकरणका अनुसार दुई टेलिकम सेवाप्रदायकको आम्दानी आर्थिक वर्ष २०७४/७५ मा रु ९८ अर्ब ७१ करोड आम्दानी गरेकामा गत आवमा यो रु ७१ अर्ब २१ करोडमा सीमित भएको छ । यो निरन्तर ओरालो लागिरहेको छ ।

टेलिकमको घट्दो आम्दानीको असर नाफामा देखिएको छभने नाफा खुम्चिँदा कम्पनीहरूले गर्ने लगानीमा पनि त्यसको असर परेको छ । टेलिकम क्षेत्रका जानकारहरू पछिल्ला वर्षमा आम्दानीको स्रोत बढाउन नसक्दा टेलिकम क्षेत्र सङ्कटोन्मुख भएको दाबी गर्छन् । तत्काल नीतिगत सुधार नगर्ने हो भने यो क्षेत्र समस्यामा पर्ने जानकारहरूको बुझाइ छ । आम्दानी र नाफामा देखिएको सङ्कुचनका कारण 'फाइभजी'लगायतका पूर्वाधारमा आवश्यक लगानी हुन नसकेको कतिपयको तर्क छ ।

नेपाल दूरसञ्चार प्राधिकरणका पूर्वअध्यक्ष भेषराज कँडेलले दूरसञ्चार सेवालाई अत्यावश्यक सेवाका रूपमा लिनुपर्ने अवस्था रहे पनि नेपालमा भने विलासितापूर्ण वस्तुमा जस्तै कर लगाइएको बताउनुहुन्छ । उहाँका अनुसार हाल दूरसञ्चार कम्पनीमाथि विभिन्न शीर्षकमा कर लगाइएको छ । हाल टेलिकम कम्पनीले कर्पोरेट कर ३० प्रतिशत बुझाउनुपर्छ, जबकि अन्य क्षेत्रलाई यस्तो कर २५ प्रतिशत मात्रै छ । त्यसैले दूरसञ्चार क्षेत्रमा लगाइएको करमा पुनरावलोकन गर्न आवश्यक भएको कँडेलको बुझाइ छ ।नेपाल टेलिकमका अनुसार कम्पनीको आम्दानी लगातार ओरालो लाग्नुमा नीतिगत समस्या, 'ओटिटी'को प्रयोग र चर्को नवीकरण शुल्क हो । त्यसबाहेक पनि नाफा कम हुनाका कारण भने चर्को कर पनि भएको टेलिकमको भनाइ छ ।

टेलिकमका अनुसार कम्पनीले आव २०८१/८२ मा रु ३८ अर्ब ७३ करोडमध्ये नाफा जम्मा रु दुई अर्ब ६६ करोड छ । अघिल्लो आवमा कम्पनीले रु छ अर्ब २३ करोड नाफा आर्जन गरेको थियो । कम्पनीको नाफा सङ्कुचन हुनुमा आम्दानीको ठूलो हिस्सा 'जिएसएम' अनुमतिपत्र नवीकरणका लागि खर्च भएको थियो । कम्पनीले गत आवमा रु २० अर्ब नवीकरणमा खर्च गरेको थियो भने त्यसबाहेक विभिन्न शीर्षकका करमा बुझाउनु पर्दा नाफामा उल्लेख्य कमी आएको हो ।

टेलिकम सेवाप्रदायक एनसेलका अनुसार टेलिकम क्षेत्र अधिक कर तिर्नेमा पर्छ ।



केही समयअघि एनसेलका पूर्वप्रमुख कार्यकारी अधिकृत जाब्बोर कायुमोभले टेलिकम कम्पनीले ठूलो हिस्सा कर र शुल्कका नाममा सरकारलाई बुझाउनु पर्दा नाफामा असर परेको बताउनुभएको थियो । उहाँका अनुसार नेपालका टेलिकम सेवाप्रदायकले औसतमा आम्दानीको ५० देखि ६० प्रतिशतसम्म सरकारलाई कर र शुल्कका रूपमा तिरिरहेका छन् । करको यो अनुपात तुलनात्मक रूपमा अन्य देशको तुलनामा उच्च हो । त्यति मात्रै होइन, नेपालको कुल गार्हस्थ्य उत्पादन (जिडिपी)मा टेलिकम क्षेत्रको योगदान पनि घट्दै गएको छ । हाल जिडिपीमा टेलिकम क्षेत्रको हिस्सा एक दशमलव दुई प्रतिशत मात्र छ । यो कुल राजस्वको तीन दशमलव चार प्रतिशत हिस्सा हो । एनसेलका अनुसार टेलिकम कम्पनीले हाल सुर्ती र मदिरा उद्योगको तुलनामा तीन गुणा राजस्वमा योगदान गरिरहेका छन् । यस्तै, एनसेलले आव २०८१/८२ मा रु ३२ अर्ब ४८ करोड आम्दानी गरेको थियो, जसमध्ये कर तथा विभिन्न १३ शीर्षकमा रु १६ अर्ब ९८ करोड सरकारलाई बुझाएको छ । यो शुल्क आम्दानीको ५२ प्रतिशत बराबर हो ।

एनसेलले आफ्ना विवरणमा उल्लेख गरेको छ, "घट्दो आम्दानी र चर्को शुल्कका कारण हामीले अपेक्षाकृत रूपमा थप लगानी गर्न नपाएको अवस्था छ । हामीले नयाँ बन्न लागेको दूरसञ्चार ऐनको मस्यौदामा पनि करका शीर्षक र दर पुनरावलोकनका लागि सुझाव दिएका छौँ, टेलिकम क्षेत्रमा लगाइएको करको दर नघटाउने हो भने टिक्न गाह्रो हुने अवस्था छ ।" एनसेलले गत आवमा मात्रै जिएसएम लाइसेन्स, आइएसपी लाइसेन्स, टिएससी, ओटी, नेट भ्याट पेमेन्ट अन सेल्स, भन्सार शुल्क, टिडिएस, एड्भान्स कर, रोयल्टी, आरटिडिएफ, फ्रिक्वेन्सी शुल्क, समाजसेवा तथा अन्य शीर्षकमा करिब रु १७ अर्ब बुझाइसकेको जनाएको छ ।

नेपाल दूरसञ्चार प्राधिकरणका अनुसार आव २०८०/८१ मा टेलिकम कम्पनीहरूले रु ६८ दशमलव पाँच अर्ब आम्दानी गरेका थिए भने रु ३७ दशमलव सात अर्ब कर र शुल्कका रूपमा सरकारलाई बुझाएका थिए ।

हाल टेलिकम कम्पनीहरूले आम्दानीबाट १३ प्रतिशत मूल्य अभिवृद्धि करसँगै १० प्रतिशत टेलिकम सेवा शुल्क, चार प्रतिशत रोयल्टी, दुई प्रतिशत ग्रामीण टेलिकम विकास कोष, दुई प्रतिशत स्वामित्व कर (सिम कार्ड तथा ल्यान्डलाइनमा) र विभिन्न शुल्क तथा अग्रिम कर तिर्दै आएका छन् ।अन्तरराष्ट्रिय अभ्यास हेर्दा एसिया-प्यासिफिकका १० देशहरूको तुलनामा नेपालले सबैभन्दा उच्च कर दर अपनाएको जानकारहरू बताउँछन् । चीनमा टेलिकम कम्पनीले छ प्रतिशत भ्याट र २५ प्रतिशत कम्पनी कर बुझाउनुपर्छ भने भारतमा १८ प्रतिशत जिएसटी र २५ प्रतिशत कम्पनी कर, थाइल्यान्डमा सात प्रतिशत भ्याट र २० प्रतिशत कम्पनी करको प्रावधान छ ।

जिएसएमए मोबाइल कनेक्सन इन्डेक्स, २०२३ अनुसार नेपाल ११९औँ स्थानमा छ । 'रिपोर्ट'मा भनिएको छ, "जहाँ टेलिकम कम्पनीलाई कम कर तिर्नुपर्छ, त्यहाँ लगानी, नेटवर्क बिस्तार र सेवा गुणस्तर उच्च हुन्छ ।" विश्व बैङ्क र अन्तरराष्ट्रिय दूरसञ्चार सङ्घका अध्ययनमा पनि ब्रडब्यान्ड पहुँचमा हरेक १० प्रतिशत वृद्धि हुँदा देशको आर्थिक वृद्धिदर एक दशमलव तीन प्रतिशतले बढ्ने उल्लेख छ ।

हाल टेलिकम कम्पनीबाट लिइँदै आएको १० प्रतिशत टेलिकम सेवा शुल्क, दुई प्रतिशत स्वामित्व कर, चार प्रतिशत रोयल्टी र दुई प्रतिशत ग्रामीण टेलिकम विकास कोष जस्ता क्षेत्र-विशेष करहरू पूर्ण रूपमा हटाउन आवश्यक भएको सम्बद्ध पक्षको भनाइ छ । यस्तै, हाल ३० प्रतिशत रहेको कर्पोरेट कर दर घटाएर २५ प्रतिशतमा झार्ने र पाँच वर्षका लागि रु २० अर्ब रहेको लाइसेन्स शुल्कलाई कम्पनीको वार्षिक आम्दानीको आठ प्रतिशतमा सीमित गर्नका लागि नेपाल टेलिकमले दूरसञ्चारको ऐनको मस्यौदामा सुझावसमेत दिएका जनाइएको छ ।रासस

# 'पार्टी रुपान्तरण र संविधान संशोधन अबको मार्गचित्र'

काठमाण्डु । राजनीतिक दलका नेताहरुले जेनजी आन्दोलनको भावनाअनुसार राजनीतिक दलको रुपान्तरण र संविधान संशोधन नै अबको मार्गचित्र भएको बताउनुभएको छ ।

उज्ज्वल थापा फाउण्डेसनद्वारा विहिबार यहाँ आयोजित 'संवाद शृ‹ ला'मा सहभागी नेताहरुले जेनजी आन्दोलनले राजनीतिक दललाई सुध्रने सन्देश दिएको र सोहीअनुसार दलको रुपान्तरण अपरिहार्य रहेको बताउनुभयो ।

जेनजी पुस्ताले राजनीतिक दलको निषेध नभई सहकार्य गर्न खोजिरहेको विषय सकारात्मक भएको उहाँहरुको भनाइ छ । नेपाली कम्युनिष्ट पार्टीका वरिष्ठ नेता नारायणकाजी श्रेष्ठले पार्टी रुपान्तरण र पुनःगठनको प्रक्रिया अघि बढाएर मुलुकको आर्थिक, सामाजिक अवस्थामा बदलाव हुनुपर्छ", उहाँले भन्नुभयो, "जसले अब आउने संसद्बाट जनताको भावनाअनुसारका नियम, कानुन परिवर्तन गर्नुपर्छ भनेर सुझाव देओस्, मुख्यगरी राजनीतिक दलसम्बन्धी काननु परिमार्जन गर्नुपर्छ ।"

राजनीतिक दल साझा संस्था भएका हुनाले पार्टीभित्र र बाहिरका सुझाव सल्लाहलाई ग्रहण गर्नुपर्नेमा राजनीतिक दलभित्र त्यसो हुन नसकिरहेको उहाँको भनाइ थियो । "पार्टी भनेको सार्वजनिक संस्था हो, को भित्र, को बाहिर भन्ने हुँदैन", उहाँले भन्नुभयो, "सबैसँग मत माग्ने, अनि कुरा नसुन्ने भन्ने हुनुहुँदैन ।"

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सचिव योगेश भट्टराईले समाज रुपान्तरणको योजना बनाउँदै गर्दा बहुदलीय प्रतिस्पर्धात्मक व्यवस्थामा सर्वप्रथम राजनीतिक दल आफैँ



ल्याउनु अहिलेको मूल कार्यभार भएको बताउनुभयो । "पार्टीको रुपान्तरण नेतृत्वले गर्न सकेन, नेतृत्व नै परिवर्तन हुनुपर्छ", उहाँले भन्नुभयो, "हिजो हामीले नेतृत्व पनि रुपान्तरणको कुरा गरेका हौँ, अब परिवर्तन नै गर्नुपर्छ, तबमात्रै रुपान्तरणको प्रक्रिया अघि बढाउन सक्छौँ ।"

नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले राजनीतिक सङ्क्रमणका बेला नागरिक आन्दोलनको भूमिका महत्वपूर्ण हुने बताउनुभयो । "अहिले नागरिक आन्दोलन चाहिएको छ, त्यसमा नयाँ पुस्ताको पनि सहभागिता सुध्रिनुपर्ने बताउनभुयो । "अहिले समाज र राज्य पार्टीहरुले चलाउछन्, दल र विचारधारा बाहेकको समाज हुँदैन", उहाँले भन्नुभयो, "पहिलो शुद्धता पार्टीमा खोज्नुपर्छ, अनि मात्रै ठीक ठाउँमा पुग्छौँ ।"

सचिव भट्टराईले निर्वाचनपछि बन्ने संसद्बाट संविधान संशोधन गर्दै जेनजी आन्दोलनको माग सम्बोधन गर्ने गर्न सकिने बताउनुभयो । "कि त संसद् पुनःस्थापना गरेर राजनीतिक समझदारीका आधारमा पुनःस्थापित संसद्बाट गरिने घोषणालाई संविधानमा समावेश गरेर जान सकिन्छ", उहाँले भन्नुभयो ।रासस

# संयुक्त राष्ट्रसङ्घ दिवसका अवसरमा सेनाको विशेष कार्यक्रम

काठमाण्डु । नेपाली सेनाले संयुक्त राष्ट्रसङ्घको स्थापना दिवस विशेष कार्यक्रम आयोजना गरी मनाएको छ । काभ्रेपलाञ्चोकस्थित वीरेन्द्र शान्ति तालिम केन्दमा प्रधान सेनापति अशोकराज सिग्देलको प्रमुख आतिथ्यमा बिहीबार सेनाले राष्ट्र सङ्घको ८०औँ स्थापना दिवस मनाएको हो ।


कार्यक्रममा सेनाले शान्ति स्थापनार्थ आपतकालिन अवस्थामा उद्धार, पुनःस्थापना, सुरक्षित स्थानान्तरण, प्राथमिक उपचारजस्ता विषयमा प्रस्तुतिकरण गरेको थियो । संयुक्त राष्ट्र सङ्घको आह्वानमा सन् १९५८ बाट शान्ति सैनिक खटाउँदै आएको नेपाल, शान्ति सैनिक पठाउने राष्ट्रहरुको सूचिमा पहिलो रहनुका साथै महिला




सैनिक खटाउने राष्ट्रमासमेत पहिलो स्थानमा छ ।

संयुक्त राष्ट्र सङ्घीय मिसनअन्तर्गत हाल विश्वका विभिन्न १० वटा मिसनमा नेपाली सेनाका पाँच हजार आठ सय १९ जना शान्ति सैनिकहरु कार्यरत छन् । विश्व शान्ति स्थापनाको सिलसिलामा हालसम्म नेपाली सेनाका ७४ जना सैनिकहरुले वीरगति प्राप्त गरेका छन् भने ७५ जना सैकिहरु घाइते भएका छन् ।

कार्यक्रममा रक्षा सचिव, वलाधिकृत, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख तथा पदाधिकारीहरु, स्थानीय जनप्रतिनिधिहरु, परराष्ट्र मन्त्रालयका पदाधिकारीहरु को उपस्थिति । रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# कम्यूनिष्टहरुको एकता

जेन- जीले दलहरुको नेतृत्व युवा पुस्तामा हस्तान्तरण हुनुपर्ने सशक्त आवाज उठाइरहेको बेला १० जना वृद्ध नेताहरुले सञ्चालन गरिरहेका दलहरुलाई एकजुट गर्दै फेरि नेतृत्वमा स्थापित भएका छन् । नेपाली कम्यूनिष्ट पार्टी गठनमा १० वटा विभिन्न दलहरु समाहित छन् । जेन- जीको भावना अनुसार नयाँ दल गठन गरिएको दाबी गरिए पनि नेतृत्वमा एकजना पनि जेन- जी छैनन् । नेपालमा कम्यूनिष्ट पार्टीहरुको एकीकरण र टुटफूट नौलो होइन । हाल गठन भएको नेपाली कम्यूनिष्ट पार्टीको नेतृत्वमा रहेका नेताहरुले विगतमा पनि एकीकृत भएका थिए । तर केही समयमै फेरि अलग्गिएका थिए । नेपाली कम्यूनिष्ट पार्टी गठनको घोषणा सभामा पनि फेरि फुट्ने नै होला भने आशंका र चिन्ता व्यापक सुनिएको थियो । केही नेताहरुले भाषणमा समेत फूटबारे चिन्ता व्यक्त गरे । नयाँ पार्टीको नेतृत्वमा रहेको (संयोजक) पुष्पकमल दाहाल(प्रचण्ड)को नेतृत्वमा रहेको नेकपा माओवादी केन्द्रबाट जनार्दन शर्मा, राम कार्कीलगायतका नेताहरु पार्टी छाडेका छन् । दोस्रो ठूलो दलको रुपमा रहेको नेकपा एसका अध्यक्ष माधव कुमार नेपाल र वरिष्ठ नेता झलनाथ खनाल नयाँ पार्टीको अंग बने पनि घनश्याम भुसालले उनीहरुको साथमा गएका छैनन् । रामकुमार झाँक्रीलगायतका नेताहरुले एमालेमा नै फर्किने बताएका छन् । निर्वाचन आयोगमा १ सय २५ दल दर्ता भएका छन् । लोकतान्त्रिक व्यवस्थामा दल खोल्ने अधिकार सबै नेपाली नागरिकलाई रहेको छ । देशको हित हुने गरी दलका नेताहरु अगाडि बढ्नु पर्छ । देशको शासन शैलीबाट युवाहरु विक्षुब्ध छन् । उनीहरु भित्रको आक्रोश भदौं २३ र २४ गतेको आन्दोलनमा देखिएको हो । हुन त जेन- जीले विध्वंश मच्चाउने आन्दोलन गरेको थिएन । तर नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई प्रधानमन्त्रीबाट च्यूत गर्ने उद्देश्यका साथ जेन- जी आन्दोलनमा लागेकाहरुले ठूलो विध्वंश मच्चाए । कयौं खर्बको क्षति त्यो आन्दोलनबाट भएको छ । भौतिक संरचना ध्वस्त हुनु मात्र नभइ त्यसबाट प्रभावित कयौं क्षेत्रहरुको अवस्था खराब भएको छ । नेपालमा युवा पुस्तालाई नेतृत्व दिएर नयाँ सौंचका साथ देशलाई अगाडि बढाउनु पर्ने आवश्यकता छ । जेन- जी आन्दोलनको मर्म र भावना अनुरुपको दलहरु गठन हुन सकेको छैन । पुराना दलहरुको नेतृत्वमा रहेका नेताहरु नै नेपाली कम्यूनिष्ट पार्टीको नेतृत्वमा स्थापित भएका छन् । त्यस कारण नै नेपाली कम्यूनिष्ट पार्टी फुट्ने आशंका गठनसँगै गर्न थालिएको छ । देश हाँक्ने जिम्मेवारी युवा पुस्तालाई दिनु पर्छ । पुराना अनुभवी पुस्ताले लामो समय नेतृत्व गरिसकेकाले अभिभावकीय भूमिकामा रहनु पर्छ । नेपाली कम्यूनिष्ट पार्टीमा पनि नयाँ पुस्तालाई नेतृत्व हस्तान्तरण गर्ने प्रक्रियालाई अगाडि बढाउँदा पार्टी विभाजनको आशंका पनि समाप्त हुनेछ ।

# आलु खेती प्रविधि



श्री भगवान ठाकुर

परिचय : संसारमा आलुको उत्पत्ति दक्षिण ा अमेरिकाको पेरु र वेलिभियाको सिमा क्षेत्र एन्डीज पहाडी क्षेत्रमा भएको मानिन्छ । आलुवाट धेरै किसिमका परिकार वन्ने हुनाले यो सर्वाधिक लोकप्रिय कृषि उपज हो । यसलाई संसारमै प्रमुख खाद्यान्न वालीका रुपमा लिईएको छ । नेपालमा पनि खाद्यवालीको रुपमा लिईएको छ । नेपालमा खाद्यान वालीले ढाकेको क्षेत्रफल अनुसार आलुले पांचौस्थान ओगटेको छ । तर तराई मधेशमा आलूलाई मुख्यगरी तरकारी बालीको रुपमा प्रयोग गरिन्छ ।

आलु खेतीको सुरुवात चिसो हावापानी भएको क्षेत्रवाट भएपनि आलु प्रजनन् तथा खेती प्रविधिमा भएको व्यापक सुधारले उष्ण प्रदेशीय क्षेत्रहरुमा समेत यसको खेती गरिएको छ । भौगोलिक विविधता तथा हावापानी अनुसार विभिन्न समयमा आलु खेती गरिन्छ । नेपालको मुख्यतया पहाडमा गर्मी मौसममा र तराईमधेशमा जाडो याममा आलु खेती गरिन्छ । आलु खेती सम्वन्धमा गरिएका अध्ययन र अनुसंधानले भिन्न भिन्न क्षेत्रहरुका लागि छुट्टाछुट्टै जातको विकास गरी खेती गर्न सिफारिस गरेको छ । आलुको उत्पादकत्व धेरै र माग धेरै रहेको तथा खाद्य सुरक्षा र राष्ट्रिय कूल ग्राहस्थ उत्पादनमा योगदान रहेकोले नगदे बालीको रुपमा मानिन्छ ।

नेपालमा लगभग १९८,२५६ हे. जग्गामा ३४.१० लाख मे.टन उत्पादन गरिन्छ भने उत्पादकत्व राष्ट्रिय आंकडाको तुलनामा १७.२ टन/हे. मात्र हो जुन अरु देशको तूलनामा कम हो । तराईमधेशका जिल्लाहरुमा व्यावसायिक रुपमा आलुको खेती गरिन्छ । मधेश प्रदेशमा २७,६४८ हे., उत्पादन ४,४६,३९० मे.टन र उत्पादकत्व १६.१५ मे.टन प्रति हेक्टर जून अरु प्रदेश भन्दा कम रहेको छ । मधेशमा बारा जिल्लामा बढी क्षेत्रफलमा आलू खेती गरिन्छ । मधेशको सबै जिल्लाहरुमा आलूको भरपुर उत्पादन गरि बिक्री समेत गरी वढीभन्दा वढी आम्दानी लिनलाई विउको छनौटदेखी लिएर विक्री गर्ने वेलासम्म विशेष किसिमले ध्यान दिनुपर्दछ । जसको लागी निम्न किसिमका प्रविधिहरु अपनाउनु पर्ने देखिन्छ ।

**१) माटो तथा हावापानी** :

आलु शितोष्ण हावापानी चाहिने वाली भएकोले कम तापक्रम तर तुषारो नभएको रात्रि, कम आर्द्रता, कम हावा चल्ने र घमाईलो दिन चाहिन्छ । यसको अंकुरणको लागि २५0से., वानस्पतिक वृद्धिको लागि २00से.र आलु दाना विकासको लागि १७ २00से.को आवश्यकता पर्दछ । तापक्रम ३00से.भन्दा वढी भएमा दाना बढ्ने काम पूर्ण रोकिन्छ । वादल लागेको दिन वर्ष र उच्च आर्द्रता भएको वेलामा ढुसीवाट र जिवाणुवाट लाग्ने रोग को फैलने सम्भावना वढेर जान्छ ।

आलुको लागि वलौटे वा मध्यम दोमट माटो को साथ साथै प्रांगारिक पदार्थको मात्रा वढी भएको माटो उपयुक्त हुन्छ । माटो पि.एच. मान ५ देखी ७ सम्म को धेरै राम्रो मानिन्छ । राम्रो संग पल्टाईकन खनजोत गरेको झारपात र डल्लाहरु नभएको खेतमा वढी मात्रामा आलुको दाना लाग्दछ ।

**२) विउ टुसाउने** :

आलुमा विभिन्न किसिमका टुसाहरु जस्तै :क) हरियो, दह्रो, मोटो र स्वस्थ्य टुसाहरु जुन रोप्न उपयुक्त तथा सर्वोत्तम मानिन्छ ।

ख) कलिलो, सेतो र निर्वल टुसा : अंध्यारो ठाउंमा राखिने हुनाले यस्तो टुसाहरु निस्कन्छ जुन छिट्टै भांचिन्छ । र यसवाट निस्केका वोटहरु पनि धेरै कमजोर हुन्छन् ।

ग) निर्वलियो, लामो र जीर्ण टुसा : यसवाट निस्केका वोट निर्वल हुनुको साथै वालि पनि चांडै टुंगिई उत्पादन कम हुनजान्छ ।

घ) रोग लागेको आलुको गेडावाट निस्केका रौं जस्तो टुसा : यस्तो विउ रोप्न लायक हुंदैन र धेरै हानिकारक हुन्छ ।

नटुसाएको विउ भन्दा टुसाएको विउ आलुवाट चांडो वोट उम्रन्छ र चांडो फल्दछ । त्यसैले विउ सानो वा काटेको र कमजोर छ भने रोप्ने वखत टुसाएर रोप्नु राम्रो हुन्छ ।

**विउ टुसाउने तरिका** :

उज्यालो तर सिधा घाम नलाग्ने न्यानो हावा लाग्ने ठाउंमा फिंजाएर एक डेढ महिनासम्म राख्नु पर्दछ । रोप्नु भन्दा एक डेढ महिना अधि विउ आलु आफ्नै घरको छाना मुनी वा वरडाको यताउती फिंजाएर राखे राम्रो वलियो टुसा निस्कन्छ ।

नटुसाएको विउ आलुलाई रोप्नुभन्दा ३ दिन अगाडी जुटको वोरामा राखेर अलिकता पानी छम्की अर्को जुटको वोराले छोप्दा छिट्टै टुसा आउंछ जुन रोप्न उपयुक्त हुन्छ ।

**३) आलूको जात** : विभिन्न ठाउंको हावापानी, मौषम, माटोको प्रकृति आवश्यकता, विभिन्न रोग किरा आदिको आधारामा विभिन्न किसिमका जातहरुको विकास भएको छ जुन तलको तालिकामा केही उल्लेख गरिएको छ ।

**५) रोप्ने तरिका, दूरी र समय** : आलु विभिन्न तरिकाले रोपिन्छ क) ड्याङ्ग उठाएर ख) गहिरो खनेर पछि माटो चढाउने ग) कोदाले खनी विउ राखी माटोले छोप्ने पछि माटो चढाउने घ) गहिरो खनी रोपेर परालले छोप्ने । यी विधिहरुमा ड्याङ्ग उठाएर आलु रोप्ने विधि सवै भन्दा राम्रो मानिन्छ किनभने गोडमेल गर्न माटो चढाउन मलखाद हाल्न, सिंचाई गर्न, विषादी छर्कन, आलु खन्न सजिलो हुन्छ । साथै उत्पादन पनि वढी हुन्छ ।

पंक्ति देखी पंक्ति सम्मको दुरी ६० से.मी. (२फिट)

विउ देखी विउको दुरी ३० से.मी. (१फुट)

तराई मधेशमा कार्तिक मंसिरमा रोपेको आलु उपयुक्त मानिन्छ ।

**६) विउ आलू काट्ने तरिका** : विउ आलू सकभर नकाटेर रोप्दा राम्ो मानिन्छ । तर ठुलो साईजको दाना रोप्दा खर्च वढी लाग्ने भए पनि ठिक आकारको विउ नरोप्दा साह्रै नै उत्पादन घट्ने सम्भावना हुन्छ । विउको उचित साईज २५-५० ग्राम वजन भएको, कम्तीमा २/३ वटा टुसाहरु भएको, नसडेको, स्वस्थ्य आंखाभएको, रोग नलागेको, चोटपटक नलागेको, जात अनुसारको गुण ा भएको हुनुपर्दछ । विउ काट्दा सफा धारिलो चक्कुले ठाडो हुने किसिमले २/३ आंखा पर्ने गरि काट्नु पर्दछ । प्रत्येक कटाई पछि मट्टितेलमा चोव्नु पर्दछ ।

**७) विउ दर** : ५०-६० कि.ग्रा. प्रति कठ्ठा विउ दिनु पर्दैन तर माटो सुख्खा नहुनलाई उपर्युक्त मात्रामा चिस्यान कायम राख्न गेडाको वृद्धिको शुरुदेखी आलु खन्नु १०-१५ दिन अगाडीसम्म हल्का सिंचाईको आवश्यकता पर्दछ । माटोको अवस्था, मौसम हेरी ३/४ पटकसम्म ड्याङ्गको आधी भाग सम्म पानी दिनु पर्दछ । पानीको व्यवस्था नभएको ठाउंमा आलुरोपेर परालले छोपी न्युनतम उत्पादन लिन सकिन्छ । पानी को व्यवस्था कम भएको ठाउंमा एक ड्याङ्ग विराएर पानी दिंदा शोसेर विचको ड्याङ्ग पनि भिजिन्छ, जून चाही न्युनतम सिंचाई हुनुपर्छ ।

**११) बाली संरक्षण**: साधारणतया आलुमा देखा पर्ने मुख्य रोगहरु लेट व्लाईट (पछौटे डढुवा रोग), अर्लि व्लाईट (अगौटे डढुवा रोग), पाउडरी मिल्डु (धुले ढुस्सी रोग), फ्यूज्यारियम उईल्ट (ओईलाउने रोग), पाउडरी स्क्याब (धुले खटिरे रोग), वार्ट (एजेरु), ब्राउन् रट तथा व्याक्टेरियल उईल्ट (खैरो पिप चक्के रोग), चार्कोल रट (कालो ढुस्सी रोग), रिङ्ग रट (औंठे सडन रोग) लाग्ने गर्दछ ।

त्यस्तै कीराहरुमा पोटैटो टयूबर मोथ, फेद कटुवा, इपिलैचना खपटे, पातमा लाग्ने हरियो फडके र सुलसुले प्रमुख हुन ।

यिनीहरुलाई खेत तयारी, बीउ छनौट देखि भंडारणसम्म बाली संरक्षण प्राविधिकसँग सल्लाह गरी एकीकृत बाली, रोग कीरा व्यवस्थापन गर्नु पर्दछ ।

**१२) बाली भित्र्याउने** : आलूको पातहरु सुक्न थाले पछि माटो फाट्न थालेपछि आलू खन्न तयार भएको बुझिन्छ र आलू हलो, कोदालो, खूर्पीले खनिन्छ ।

| क्र. स | जात | आलुको दाना | रोग | अवधि (दिन) | सरदर उत्पादन कि.ग्रा./कठ्ठा | सिफारिस क्षेत्र |
|---|---|---|---|---|---|---|
| १ | कुफ्री सिन्दूरी | मध्यमदेखी ठुलो गोलो चिल्लो, फिका रातो, गुदी सेतो आंखाहरु गाहिरो भई प्रष्ट देखिने । | सवै रोग लाग्न सक्ने | ११० देखी १२० | ८००-१००० | तराई वेंसी जस्ता गर्मी क्षेत्रमा |
| २ | डेजिरे | मध्यम देखी ठुलो लाम्चो अण्डाकार, चिल्लो, रातो आंखी भै लाम्चो, गुदी मैलो पहेंलो | ऐ.जरु रोग नलाग्ने, अरु रोग लाग्न सक्ने | ९० दिन | ५००-७०० | तराई र माथिको पहाडी भागमा |
| ३ | खुमल सेतो १ | मध्यमदेखी ठुलो अलि चेप्टो गोलो सेतो खस्रो, आंखा छिछलो आंखी भै प्रष्ट भएको । | डढुवा रोग सहन सक्ने ऐंजरु नलाग्ने । | १००-१२० | ७००-८०० | उच्च तथा मध्यम पहाडी क्षेत्रमा कम वर्षा हुने ठाउं |
| ४ | खुमल रातो २ | मध्यम गोलो र चिल्लो वोक्रा भएको दाना भएको वोक्रा को रंग गुलावी आंखा रातो भएको । | ऐंजरु तथा डढुवा रोग अवरोधक ओईलाउने तथा डढुवा लाग्न सक्ने । | १००-२०० | ७००-८०० | तराई तथा भित्रि मधेश, मध्य पहाड |
| ५ | जनक देव | मध्यदेखी ठुलो लाम्चो तथा वोक्रा भएको | ऐजरु तथा डढुवा रोग अवरोधक | ९०-१२० | ७००-१९०० | तराई भित्रि मधेश |
| ६ | कार्डिनल | मध्यम देखी लाम्चो अण्डकार, चिल्लो रातो आंखाहरु छिछलो, एकापट्टी चुच्चो परेको जस्तो देखिने | ऐजरु नलाग्ने केही हदसम्म डढुवा अवरोधक | ९० | ५००-७०० | तराई पहाड |
| ७ | कुफ्री वादशाह | मध्यम देखी ठुलो अण्डाकार चेप्चो, वोक्रा सेतो, चिल्लो गुदी फिक्का पहेंलो आंखा छिछलो । | डढुवा अवरोधक | ११०-१२० | ८००-१००० | तराई र पहाड |
| ८ | कुफ्री ज्योती | मध्यम देखी ठुलो अण्डाकार चेप्चो, वोक्रा सेतो, चिल्लो गुदी फिक्का मैलो सेतो आंखा छिछलो चर्कने र फुट्ने । | डढुवा रोग सहन सक्ने ऐजरु नलाग्ने | ११०-१२० | ७००-८०० | उच्च तथा मध्य पहाड र तराई |
| ९ | टि.पी.एस. का जातहरु: H.P.S १/१३ H.P.S २/६७ H.P.S ७/६७ | मध्यम देखी ठुलो गोलो चिल्लो वोक्रा | डढुवा रोग कम लाग्ने ऐजरु नलाग्ने | ११०-१२० | १२००-१५०० | तराई, मित्रि मधेश र मध्य पहाड |

**४) मल खाद** : आलुको लागि राम्रोसंग कुहेको/पाकेको गोवर/कम्पोष्ट मल डेढ गाडा (६ क्वीन्टल) प्रति कठ्ठा दरले आलु रोप्नु भन्दा १० दिन अगावै छरेर माटोमा मिसाई दिनु पर्दछ । राम्रो नकुहेको खण्डमा हानीकारक किराको लाभ्रे, प्युपाहरु तथा जिवाणुहरुले पछि नै नोक्सान गर्ने गर्दछ ।

आलू उत्पादनको लागि सिफारिस गरिएको रसायनिक मल प्रयोग गर्नु पर्दछ । प्रति कठ्ठा ७ कि.ग्रा. डि.ए.पी. ४ कि.ग्रा. युरिया र ३.५ कि.ग्रा. । म्युरेट अफ पोटास वरावर छर्नुपर्दछ, संगसंगै आधा केजी आलुमिन प्रति कठ्ठा पनि छर्दा राम्रो उत्पादन हुन्छ ।

आलु चाहिन्छ ।

**८) विउ उपचार** : विउलाई १ ग्रा. वेविष्टिन वा कैप्टान/एरेटान र १ ग्रा डाईथेन एम ४५ प्रतिलिटर पानीमा साथै २ मिलि थायोडान प्रति २ लिटरमा मिसाएर २०-३० मिनेटसम्म भिजाउनु पर्दछ । यसो गर्दा रोग र किरावाट वच्न सहयोग पुऱ्याउंछ ।

**९) गोडमेल र उकेरा दिने** : आलुको वोट १ वित्ता जति भएमा एक पटक गोडमेल गरेर मुल डांठको वरिपरि माटो चढाई दिनु पर्दछ । आवश्यक परे २ महिना पछि पुन: माटो चढाउने र गोडमेल गर्ने कार्य गर्नु पर्छ ।

**१०) सिंचाई** : आलु वालीमा धान गहुं जस्तै पानी

**१३) भंडारण** : आलू खनि सकि पछि राम्ररी सुकाएर मचान तथा रयाक वा भकारीमा तह तह गरी वा नजिकको शीत भंडारमा भंडारण गरिन्छ र उचित भाउ पाए पछि बिक्री गरिन्छ ।

अत: तराई मधेश आलु उत्पादनको लागि सुहाउंदो क्षेत्र रहेको, कृषकहरु प्राविधिक तरीकाले खेती गरी राम्रो आम्दानी गर्न सकिने बालीभएकोले स्थानीय, प्रदेश र स्थानीय सरकारले आलुमा आत्म निर्भर बनाउन अनूसंधान तथा विकासमा लगानी गर्नृ पर्ने देखिन्छ ।

# यसरी हुनसक्छ युवा व्यवस्थापन

-डा राजेन्द्र केसी

संयुक्त राष्ट्रसङ्घले सन् १९८५ लाई युवा वर्ष घोषणा गरेको थियो । सन् १९९९ देखि युवाका आवाजलाई बुलन्द गर्ने हिसाबले हरेक वर्ष १२ अगस्टका दिन युवा दिवसका रूपमा मनाउने गरिन्छ । युवाहरू स्वभावैले ऊर्जाशील, सकारात्मक परिवर्तनका संवाहक र परिवर्तनका उत्प्रेरक हुन् । युवा भन्ने बित्तिकै शारीरिक, मानसिक शक्तिले ऊर्जाशील व्यक्तित्व बुझिन्छ । आजको युवाले राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरण सक्रिय भएर लग्नु जरुरी छ । यो वर्ग साहस, सिर्जनशील, उच्च आत्मविश्वास, निर्णय गर्न सक्ने क्षमता, काम गर्न सक्ने तत्परता भएको हुँदा राष्ट्र निर्माणमा सहभागी गराई देशको मानवीय पुँजीका रूपमा राज्यले परिचालन गर्नु पर्दछ । उमेरको हदलाई हेरी युवाको परिभाषा विभिन्न मुलुकका सरकारले आआफ्नै तरिकाले गरेको पाइन्छ ।

नेपालको राष्ट्रिय युवा परिषद् ऐन, २०७२ तथा राष्ट्रिय युवा नीति, २०७२ ले १६ देखि ४० वर्ष उमेरकालाई युवा घोषित गरेएको छ । 'युथ भिजन २०२५' ले युवाको उमेर समूहलाई १६ देखि २४ वर्ष र २५ देखि ४० वर्ष गरी दुई उमेर समूहमा विभाजन गरेको छ । भारतले १६ देखि २९ वर्ष, चीनले १८ देखि ३५ वर्ष, जर्मनीले १४ देखि २६ वर्ष, बङ्गलादेश र फिलिपिन्सले १५ देखि ३० वर्ष, दक्षिण अफ्रिकाले १५ देखि २९ वर्षलाई युवा भनी घोषणा गरेका छन् । युवाको परिभाषा आआफ्नै तरिकाले भने पनि अधिकांश देशमा युवाको उमेर १५ देखि ३५ वर्षको उमेरलाई प्राथमिकता दिएको पाइन्छ । राष्ट्रसङ्घीय जनसङ्ख्या कोषले भने काम गर्नसक्ने उमेर भनेको १५ देखि ६४ वर्षको जनसङ्ख्यालाई मानेको छ तर हाम्रो देशमा भने ४१ वर्षदेखि माथिको उमेरलाई पाको उमेरको संज्ञा दिइएको छ । कैयन् विभिन्न सेवामा काम गर्ने मानिस ५० वर्षदेखि पेन्सन पकाएका छन् भने ५९ वर्षमा त काम गर्न नै नसक्ने भनेर अवकाश गरी घरमा नै बसेको पाइन्छ ।

हाम्रो देशको कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको नीति, नियम, कानून, विनियम राम्रोसँग अध्ययन गरी परिवर्तन गर्नु पर्दछ । नीति नियमले नै एउटै नेपाली जनतालाई काखा र पाखा गरेको छ । नेपालमा उद्योग धन्दाहरू नहुँदा, युवावर्गलाई विदेशिन बाध्य हुन पुगेका छन् । नेपाल सरकारले ११० देशलाई संस्थागतरूपमा वैदेशिक रोजगारमा जान खुला गरेको छ । व्यक्तिगत श्रम स्वीकृतिमा १७२ मुलुकमा नेपाली कामका लागि वैदेशिक रोजगारमा गएका छन् । आर्थिक वर्ष २०७७/७८ सम्म ४४ लाख ३३ हजार ८१२ जना कामदार वैदेशिक रोजगारमा गएका छन् । उक्त सङ्ख्या भारतबाहेक अन्य मुलुकको तथ्याङ्क हो । यदि भारतलाई पनि जोडे भने जम्माजम्मी ८० लाखभन्दा बढी युवा बाहिरिएको देखिन्छ । वैदेशिक रोजगारमा गएकामध्ये दक्ष कामदार १.५ प्रतिशत, अर्द्धदक्ष कामदार २.४ प्रतिशत, अदक्ष कामदार ७४.५ प्रतिशत रहेको छ । यही आर्थिक वर्ष २०७७/७८ सम्ममा वैदेशिक रोजगारमध्ये मलेसियामा २८.४ प्रतिशत, कतारमा २.७ प्रतिशत, साउदी अरेबियामा २०.९ प्रतिशत छन् । यसमा भारत जाने कामदारको सङ्ख्या समावेश गरिएको छैन ।

**युगको युवा**

नेपालको इतिहास हेर्ने हो भने १०४ वर्ष राणाशासनको युग थियो । ३० वर्षको पञ्चायती शासनको युग थियो । विसं २०४६ देखि २०६२/६३ को बहुदलीय व्यवस्थाको युग थियो । विसं २०६२/६३ देखि आजसम्म लोकतान्त्रिक गणतन्त्रको युग छ । हरेक युगलाई हेर्‍यौं भने हरेक परिवर्तनलाई अध्ययन गर्‍यौं भने तत्कालीन युवाले नै परिवर्तनमा भूमिका खेलेको पाइन्छ । त्यतिबेलाको परिवर्तन धेरै गाहे थियो । कठिन थियो । बोल्न, लेख्न पाइँदैनथ्यो । शासक वर्गको कठपुतली बन्दै जे पनि हुन्छ भनेर भन्नु पर्दथ्यो । त्यसकारणले पनि हामीले हाम्रा पुर्खालाई मानसम्मान गर्दै आदर गर्दै हरेक पार्टीका युवाले आफ्नो अभिभावक र संरक्षक बनाएर राज्य सञ्चालन र देशको विकास गर्न युवा वर्ग चालक/पाइलट बनेर अगाडि बढ्नुपर्दछ ।

हाम्रा पुर्खाको अनुभव, ज्ञान, दक्षता, क्षमता भनेको शासन परिवर्तन गर्ने, लडाइँ गर्ने, जेल बस्ने, जङ्गलबाट युद्ध गर्ने, सत्ता परिवर्तन गर्ने जस्ता साहसिला काम गर्नुभयो । जेलनेल बस्दा विश्वविद्यालय अध्ययन गर्न पाउनु भएन, राम्रा पुस्तक अध्ययन गर्न पाउनु भएन । संसारको देशमा कस्तो विकास भएको छ सोको पहिचान गर्न पाउनुभएन । विकासको रणनीतिक धारणा थाहा पाउनुभएन । अहिलेको युवाहरूले आफ्नै देशमा राम्रा राम्रा स्कुल, कलेज, विश्वविद्यालयमा अध्ययन गर्ने मौका पाएका छन् । विश्वका विश्वविद्यालयमा अध्ययन गरेका छन् । विश्वका विकसित मुलुकको अध्ययन गरेका छन् । सूचना र प्रविधिको उपयोग गर्न पाएका छन् । स्थल, जल र वायुयानको माध्यमद्वारा छिटो भन्दा छिटो यात्रा गर्न पाएका छन् ।

एक्काइसौं शताब्दीको विकास र आवश्यकतासँग परिचित छन् । पहिचान गर्न सक्छन् । अबको विकास अघिल्लो पुस्तालाई चाहिने होइन । अबको विकास सकिन्छ हाम्रो पुस्ताले उपयोग गर्ने हो, सकिँदैन भने अर्को पुस्ताले उपयोग गर्ने हो । एकपटक यो पुस्ता ' बौलाहा' बनेर काम गर्नुपर्दछ । 'पागल' बनेर काम गर्नु पर्दछ । अहिलेको पुस्ताको ज्ञान, बुद्धि, विवेक, चाहना भनेको व्यवस्थापनमा छ, विचारमा छ, विकासमा छ, बजारमुखी अर्थतन्त्रमा छ, उत्पादनमुखी अर्थतन्त्रमा छ, स्वावलम्बी बन्नेमा छ, एन्टरप्रेनरसिपमा छ, स्टार्टसअप व्यवसायमा छ, स्वतन्त्र तरिकाले काम गर्नेमा छ ।

यो देश बनाउन लगभग ४१ प्रतिशत युवाको इच्छा, चाहना, विचार र आवश्यकता बुझ्ने र बुझाउने राजनैतिक नेतृत्व, व्यावसायिक नेतृत्व र कुशल प्रशासकको आवश्यकता पर्दछ । आगामी पुस्ताको लागि, यो पुस्ताले नेतृत्व लिनैपर्दछ । प्रशासन चलाउनु नै पर्दछ । हरेक व्यक्ति, समाज, र देशमा एउटा युग आउँछ, त्यस समयमा शासन पद्धति त्यही युगका व्यक्तिले चलाउँछ । आज नेपालमा युवाको 'युग' आएको छ । केही दशक वा हिजोसम्म धेरै उमेर र अनुभवी व्यक्तिको युग थियो । त्यो युग आज फेल भएको प्रमाणित भएको छ । यसको प्रमाण धेरै छन्, जसमध्ये ८० लाखभन्दा बढी युवा संसारका विभिन्न देशमा कामको खोजीमा छन् ।

## सम्पादकलाई चिठ्ठी...

श्रीमान् सम्पादकज्यू,
जनकपुर टुडे राष्ट्रिय दैनिक, जनकपुरधाम ।

**विषय: समाचारबारे स्पष्टता**

मिति २०८२ कार्तिक २० गतेको पत्रिकामा पहिलो पेजमा बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्को नाममा फेक विज्ञापन दिएर प्रकाशित समाचारप्रति गम्भीर ध्यानाकर्षण भएको छ ।

उक्त समाचारमा मसंग कुनै प्रकारको प्रतिक्रिया नलिएकोमा आफ्नो ध्यानाकर्षण भएको छ । विज्ञापनको बारेमा कार्यकारी निर्देशकको हावाला दिँदै प्रकाशित समाचारमा सत्यता नभएको तथा कर्मचारीसम्बन्धी आवश्यकताको विज्ञापन विज्ञापन परिषद्को ऐनको दफा ८ (च) बमोजिम स्वीकृत दरबन्दीमा रिक्त रहेको पदहरुको विज्ञापन रहेको जानकारी गराइन्छ । र यस पत्रिकामा विज्ञापन दिन नपाएकोमा दुःख लागेको छ ।

**शीतल साह पूर्वे**
**अध्यक्ष**
**बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्**

# कार्यवाहक राष्ट्रपति यादव र कोरियाली राजदूतबीच शिष्टाचार भेट



काठमाण्डु। कार्यवाहक राष्ट्रपति रामसहायप्रसाद यादवसँग नेपालका लागि गणतन्त्र दक्षिण कोरियाका महामहिम राजदूत पार्क ताए योङ्गले विहिबार लैनचौरस्थित उपराष्ट्रपतिको कार्यालयमा शिष्टाचार भेट गर्नुभएको छ।भेटमा दुई देशबीचको द्विपक्षीय सम्बन्ध, पर्यटन सहकार्य, श्रम तथा रोजगार, पूर्वाधार विकास, ऊर्जा, लगानी तथा जनस्तरको सम्बन्धलगायतका विषयमा महत्वपूर्ण छलफल भएको थियो।

कार्यवाहक राष्ट्रपति यादवले हालै सम्पन्न 'जेनजी आन्दोलन' को पृष्ठभूमिमा नेपालमा नयाँ सरकार गठन भइसकेको उल्लेख गर्दै लोकतान्त्रिक यात्राप्रति नेपालको प्रतिबद्धता दोहोऱ्याउनुभयो। उहाँले आगामी २०८२ फागुन २१ (५ मार्च २०२६) मा प्रतिनिधिसभा निर्वाचन सम्पन्न गर्नु सरकारको प्रमुख कार्यभार रहेको बताउनुभयो।

उहाँले नेपाल-कोरिया सम्बन्धको ५०औँ वार्षिकोत्सव सफलतापूर्वक मनाइएको स्मरण गर्दै दुई देशबीचको सम्बन्ध मैत्रीपूर्ण, आपसी सम्मान र समझदारीमा आधारित रहेको बताउनुभयो। कोरियाली सहयोगले नेपालको सामाजिक-आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै उहाँले आगामी दिनमा सहकार्यलाई अझ गहन बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो।

कार्यवाहक राष्ट्रपति यादवले कोरियाली सरकारप्रति इपिएस कार्यक्रममार्फत नेपाली युवालाई रोजगारीको अवसर उपलब्ध गराएकामा धन्यवाद व्यक्त गर्दै कोरियासँगको सम्बन्धलाई नेपालले उच्च प्राथमिकता दिँदै आएको स्पष्ट पार्नुभयो। उहाँले कोरियाली पर्यटकको नेपालप्रतिको आकर्षण, विशेषतः पदयात्रा र पर्वतारोहण जस्ता क्षेत्रहरूमा, उल्लेखनीय रहेको बताउँदै धार्मिक र सांस्कृतिक समानताले दुई देशबीचको सम्बन्धलाई अझ सुदृढ बनाएको धारणा व्यक्त गर्नुभयो।

महामहिम राजदूत पार्क ताए योङ्गले नेपालप्रति कोरियाली सरकारको सद्भाव, सहयोग र मित्रता निरन्तर रहने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। उहाँले 'जेनजी' को मागबमोजिम बनेको नेपाल सरकारलाई कोरियाको समर्थन रहेको उल्लेख गर्दै अगामी चुनावका लागि सहयोग र शुभकामना व्यक्त गर्नुभयो।

"विगत ३० वर्षदेखि कोरियाले नेपालको शिक्षा, कृषि, आइटीको क्षेत्रमा सहयोग गर्दै आएको छ", राजदूत योङ्गले भन्नुभयो, "रोजगारको सिलसिलामा कोरिया जाने नेपालीको सङ्ख्या बढाउन आफ्नो मुलुकको तयारी छ।" उहाँले धेरै कोरियाली कम्पनी नेपाल आउन इच्छुक रहेको उल्लेख गर्दै द्विपक्षीय सम्बन्धलाई अझ सशक्त बनाउने दिशामा कोरियाली पक्षबाट आवश्यक सहयोग जारी रहने बताउनुभयो।रासस

# न्यायपालिकामाथि सबैको विश्वास र भरोसा कायम राख्नु हाम्रो दायित्व हो: प्रधानन्यायाधीश राउत

पाटन। प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले न्यायपालिकामाथि सबैको विश्वास र भरोसा कायम राख्नु हाम्रो मुख्य दायित्व भएको बताउनुभएको छ।

विहिबार ललितपुर बार एशोसिएसनको सभाहलमा भएको पूर्वन्यायाधीश द्वारिकामान जोशीद्वारा लिखित देवानी कार्यविधि कानुन 'सिद्धान्त र व्यवहार' नामक तेस्रो कृतिको सार्वजनिकीकरण समारोहमा मन्तव्य राख्नुहुँदै प्रधानन्यायाधीश राउतले भन्नुभयो, "आगामी मङ्सिर १ गतेदेखि सर्वोच्च अदालत पूर्ण रुपमा सञ्चालनमा आउनेछ, अदालतप्रतिको जनआस्था वृद्धि गराउन फैसलामा विधिशास्त्र हुनुपर्छ मात्रै हैन, यसलाई छिटो र सहज रुपमा दिने व्यवस्था पनि कार्यान्वयनमा आउनुपर्छ।



प्रधानन्यायाधीश राउतले पुस्तक लेख्ने र अनुभवलाई समेट्ने अवसर सबैलाई रहेकाले त्यसलाई समात्न सक्नुपर्नेमा जोड दिनुभयो। "विद्वान लेखकको गहन अध्ययन, अनुसन्धानबाट महत्वपूर्ण पुस्तक प्राप्त भएको छ, निष्ठा र अनुभवले खारिएको व्यक्तिले लेखेको पुस्तक अत्यन्तै गहकिलो छ, पुस्तक पढ्न जति सजिलो हुन्छ, लेख्न त्यति सजिलो छैन,", उहाँले भन्नुभयो।

उच्च अदालत पाटनका मुख्य न्यायाधीश लालबहादुर कुँवरले देवानी न्यायसम्पादन प्रणालीलाई यस पुस्तकले महत्त्वपूर्ण योगदान पुऱ्याउने बताउँदै न्याय क्षेत्र र प्रणालीको सुधारका लागि उत्कृष्ट कृति हुने विश्वास व्यक्त गर्नुभयो। निष्ठावान् पूर्वन्यायाधीशद्वारा लिखित यस पुस्तकले कानुनका बहुआयामिक पक्षलाई समेटेको धारणा राख्दै पुस्तकमा समेटिएका विषय सिलसिलेवार रुपमा समावेश गरिएको उहाँको भनाइ थियो। मुख्यन्यायाधीश कुँवरले न्यायालयप्रति जनआस्था बढाउन र न्यायसम्पादनका प्रक्रियालाई सम्बोधन गर्न यस पुस्तकले सहयोग गर्ने धारणा राख्नुभयो।

नेपाल बार एशोसियसनका अध्यक्ष विजयप्रसाद मिश्रले न्यायप्रणालीबाट देवानी प्रकृतिका न्यायसम्पादन छिटोछिटो हुने अवस्था नरहेको अवस्था सुधारका लागि र छिटो मुद्दाको किनारा लगाउनका लागि जटिलतालाई सहजीकरण गर्न यस पुस्तकले योगदान पुऱ्याउने बताउनुभयो।

पुस्तकका लेखक एवं उच्च अदालतका पूर्वन्यायाधीश द्वारिकामान जोशीले देवानी मुद्दामा धेरै मुद्दाहरु असफल भएका, धेरै मुद्दामा प्रमाण नपुग्ने अवस्थामा गलत व्यक्तिले पनि न्याय प्राप्त गरेको कतिपय अवस्था रहेका सन्दर्भमा कानुनी सहजताका लागि विद्वतवर्गको मागअनुसार पुस्तकको प्रकाशन गरिएको जानकारी गराउनुभयो। उहाँले पुस्तकमा धेरै विषयवस्तु समावेश भएको बताउँदै बजारको आवश्यकताअनुसार यो पुस्तक उपयोगी र फलदायी हुने विश्वास व्यक्त गर्नुभयो।

पुस्तकमाथि टिप्पणी गर्नुहुँदै वरिष्ठ अधिवक्ता श्यामप्रसाद खरेलले र पूर्वन्यायाधीशद्वारा लिखित यस पुस्तक सहज र स्पष्ट रुपमा लेखिएको बताउँदै यसमा गहन विषयवस्तु समेटिएको धारणा राख्नुभयो। उहाँले सरल र मिठासपूर्ण शैलीमा लेखिएको यस पुस्तकबाट नवप्रवेशी कानुन व्यवसायीलगायत दिग्गज पुराना कानुन व्यवसायी, कानुनका विद्यार्थीलगायतलाई महत्त्वपूर्ण लाभ मिल्ने जानकारी गराउनुभयो।

अधिवक्ता डा रेवतीराज त्रिपाठीले देवानी कानुन नयाँ पुस्ताका लागि जटिल विषय भएको भन्दै न्याय सम्पादनमा महत्वपूर्ण आधार हुने धारणा राख्नुभयो। उहाँले पुस्तकमा देवानी कार्यविधिका सैद्धान्तिक विषयलाई सरल ढङ्गले प्रस्तुत गरिएको जानकारी गराउनुभयो।ललितपुर बार एशोसियसनका अध्यक्ष राम श्रेष्ठले पुस्तकले कार्यविधि कानुनको त्रुटिले धेरै मुद्दा बदर हुने अवस्थाको अन्त्य गरिदिने विश्वास व्यक्त गर्नुभयो।रासस

## नेपाली समाजलाई भताभुङ्ग पार्ने प्रयास सफल हुँदैन: ओली



काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले मानवीय मूल्य र नेपाली समाजलाई भताभुङ्ग पार्न खोजिएको अवस्थाबाट मुलुकलाई अगाडि बढाउनुपर्नेमा जोड दिनुभएको छ।

भक्तपुरको गुण्डुस्थित आफ्नो निवासमा भेला भएका विभिन्न नेता कार्यकर्तालाई सम्बोधन गर्दै पूर्वप्रधानमन्त्री ओलीले सर्वश्रेष्ठ र सुन्दर गन्तव्यका रुपमा 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय गन्तव्य बोकेर आफूहरु अघि बढेकामा त्यसलाई रोक्न खोज्ने तत्वहरु हावी भएको आरोप लगाउनुभयो। असन्तुष्टिलाई सम्मानपूर्वक राख्ने नेपाली परम्परा विपरीत अशिष्ट र अमर्यादित एवं हिंस्रक रुपमा गतिविधि गरेर आन्दोलन गर्ने अभ्यास गलत भएको उहाँको भनाइ थियो।

अध्यक्ष ओलीले सर्वोच्च अदालतको अन्तरिम आदेश विपरीत राजदूतहरुलाई परराष्ट्र मन्त्रालयमा हाजिर हुन बोलाइनु अदालतको अपमान भएको बताउनुभयो। सो अवसरमा उहाँले रेशम लामाद्वारा लिखित गीतिसङ्ग्रह विमोचन गर्नुभयो। गीतमा जेबी घिमिरे र प्रतिमा अर्यालको स्वर रहेको छ।रासस

# मङ्सिरभित्र कांग्रेसको नियमित महाधिवेशन नभए केन्द्रीय समिति भङ्ग गर्न माग

काठमाण्डु। नेपाली कांग्रेसका नेताहरुले पार्टीको विधानअनुसार आगामी मङ्सिरभित्र नियमित महाधिवेशन हुन नसके केन्द्रीय समितिका सबै पदाधिकारी र सदस्यले राजीनामा दिनुपर्ने माग गरेका छन्।

केही जिल्ला सभापतिको सक्रियतामा विहिबार राजधानीमा आयोजित कांग्रेस १५औँ महाधिवेशन बृहत् दबाबमूलक भेला कार्यक्रममा उनीहरुले तोकिएको समयमा महाधिवेशन हुन नसके त्यसको जिम्मेवारी नेतृत्वले मात्र नभई सिङ्गो केन्द्रीय कार्यसमितिले लिनुपर्नेमा जोड दिएका हुन्।

कांग्रेस जिल्ला कार्यसमिति भक्तपुरका सभापति पूर्वसांसद दुर्लभ थापाको सभापतित्वमा



सम्पन्न कार्यक्रममा महोत्तरी सभापति नागेन्द्र यादव, रौतहट सभापति जितेन्द्र यादव, बागलुङका सभापति जीत शेरचन, कागेश्वरी मनोहरा नगरपालिकाका नगरप्रमुखसमेत रहेका काठमाडौँ क्षेत्र नं. २ का पूर्वसभापति उपेन्द्र कार्की, वर्तमान क्षेत्रीय सभापति जयकृष्ण महर्जनलगायतले विधानले तोकेको समय आगामी मङ्सिरभित्र पार्टीको नियमित महाधिवेशन नभए केन्द्रीय समितिका सबैले राजीनामा दिएर तदर्थ समिति गठन गरी महाधिवेशन गरिनुपर्ने बताउनुभएको हो।

कार्यक्रममा नेपाल विद्यार्थी सङ्घ (नेविसङ्घ) का पूर्वमहामन्त्री दीपक भट्टराई, नेपाल तरुण दलका केन्द्रीय सदस्य देव लामा, नेविसङ्घका पूर्वकेन्द्रीय सदस्यद्वय बद्री अर्याल र दीपक सोनी, कांग्रेस महाधिवेशन प्रतिनिधि गीता गुरुङ, पाटन बहुमुखी क्याम्पसका पूर्वस्ववियु सभापति लाओसकुमार राईलगायतले मङ्सिरभित्र नियमित महाधिवेशन गर्न नसके केन्द्रीय समिति भङ्ग गरी तदर्थ समिति गठन गरिनुपर्ने, युवाका नाममा २० वर्षअघिदेखि तीन जना व्यक्तिको मात्र प्रतिनिधित्व भइरहने परिपाटीको अन्त्य गर्न माग गर्नुभएको हो।रासस

# राहदानीको विषय समाधान उन्मुख छः परराष्ट्र मन्त्रालय

काठमाण्डु। परराष्ट्र मन्त्रालयले हाल सेवाग्राहीको उच्च मागअनुसार राहदानी पुस्तिका केही न्यून सङ्ख्या भएपनि यो विषय समाधान उन्मुख रहेको जनाएको छ। राहदानी पुस्तिका बाहिर प्रचारमा आएजस्तो अवस्थामा नरहेको मन्त्रालयले स्पष्ट पारेको हो।




मन्त्रालयअन्तर्गतको राहदानी विभागले विद्युतीय राहदानी आपूर्तिका लागि नयाँ आपूर्तिकर्तासँग विसं २०८२ साउनमा खरिद सम्झौता गरिसकेको छ। उक्त सम्झौताअनुसार आगामी फागुन ११ गतेदेखि राहदानी सेवा सञ्चालन हुनेगरी पूर्वाधार तथा प्रणाली निर्माणसम्बन्धी कार्य तीव्र रूपमा भइरहेको मन्त्रालयले जनाएको छ।

मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले भन्नुभयो, "हामी अहिले नयाँ आपूर्तिकर्ता र हालको आपूर्तिकर्ताबीच हुने 'हेण्डओभर-टेकओभर'को सङ्क्रमणकालीन अवस्थामा छौँ। नयाँ खरिद सम्झौताबमोजिम नयाँ सेवा प्रदायकले आगामी फागुन ११ गतेदेखि राहदानी उत्पादन प्रारम्भ गर्ने निश्चित भएको छ।"

विभागबाट प्रदान गरिने अत्यावश्यक राहदानी सेवा निरन्तर सञ्चालनमा रहने भएपनि अतिआवश्यक परेका आकस्मिक उपचार, तत्काल रोजगारी वा विदेशमा अप्ठ्यारोमा परेको अवस्थाका व्यक्तिले मात्र हाल राहदानीका लागि आवेदन प्रक्रिया अगाडि बढाउन मन्त्रालयले अनुरोध गरेको छ। साथै मन्त्रालयले यस्तो अवस्थामा सबैले धैर्य गरी सरकारलाई सहयोग पुऱ्याउन आग्रहसमेत गरेको छ।

हालको सङ्क्रमणकालीन अवस्थामा राहदानीको अभाव नहुने व्यवस्था गर्न आवश्यक कार्य भइरहेको बताउँदै प्रवक्ता क्षेत्रीले यही कात्तिक १७ गते साँझ ५ बजेदेखि दैनिक (सार्वजनिक बिदाको अघिल्लो दिन बाहेक) एक हजार जनाको आवेदन लिने व्यवस्था मिलाइएको जानकारी दिनुभयो। यसबाट हालको अत्यावश्यक माग पूरा गर्न सकिने मन्त्रालयको अपेक्षा छ।

मन्त्रालयले आगामी फागुन ११ गतेदेखि राहदानी सेवा पूर्ण रूपमा सञ्चालन हुने भएकाले हालको सङ्क्रमणकालीन अवस्थामा अत्यावश्यक भएमात्र आवेदन दिनहुन सबैमा आग्रह गरेको छ।रासस

## सांसदको काम थिति बसाल्ने हो: उपसभापति वाग्ले

दमौली। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उपसभापति डा स्वर्णिम वाग्लेले सांसदको काम देश बनाउने र थिती बसाल्ने भएको बताउनुभएको छ।

दमौली खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थालाई विहिबार विभिन्न सामग्री हस्तान्तरण गर्दै वाग्लेले भन्नुभयो, "गत उपनिर्वाचनमा तनहुँ क्षेत्र नं १बाट निर्वाचित भएपछि जनताको मसँग धेरै अपेक्षा थियो, सांसदको मूल काम देश बनाउने हो, कानुन बनाउने हो। थिती बसाल्न तपाईँहरुले पठाउनुभएको हो भनेर सबैलाई सम्झाएको थिएँ।"

साना तिना काम गर्न स्थानीय तह छन् भन्ने जनतामा बुझाउन लागेको बताउँदै उहाँले आफू सांसद हुँदा इमानदार प्रयास गरेको उल्लेख गर्नुभयो। दमौली खानेपानी उपभोक्ता संस्थाबाट सहयोगको आग्रह गरिएपनि विगतमा सरकारमा नहुँदा बजेट राख्न नसकिएको वाग्लेको भनाइ थियो। उहाँले भन्नुभयो, "खानेपानी जस्तो संवेदनशील विषयमा विगतमा पनि सहयोगको आग्रह गर्नुभएको थियो, सांसदको एकसुको पनि बजेट थिएन। निजी सहयोगकर्ता, दानवीर खोज्दै जाँदा केही सहयोग गर्न सक्यौँ।"

संस्थाका अध्यक्ष बुद्धिमान श्रेष्ठले तीन हजार ८०० निजी धाराबाट २५ हजार बढी जनसङ्ख्याले खानेपानी सुविधा पाइरहेको जानकारी दिनुभयो।रासस

# मङ्सिर १३ गते हुने एमाले महाधिवेशनको प्रतिनिधि चयनको तयारी सुरु

काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (एमाले)को आसन्न ११औँ राष्ट्रिय महाधिवेशनमा सहभागी हुने प्रतिनिधिको क्षेत्रगत मापदण्डसहितको अन्तरपार्टी निर्देशन जारी भएपछि मातहतका कमिटी र सङ्गठनले आवश्यक तयारी सुरु गरेका छन्। महाधिवेशनको प्रतिनिधि चयन देशभर आगामी मङ्सिर १३ गते एकसाथ हुने एमाले सचिवालयले जनाएको छ।

आगामी मङ्सिर २७ देखि २९ गतेसम्म काठमाडौँमा हुने महाधिवेशनमा कुल दुई हजार १२७ प्रतिनिधि कायम गर्नेगरी यही कात्तिक १५ गतेको एमालेको सचिवालयले बैठकले निर्णय गरेको थियो। सोबमोजिम तयारी गर्न अन्तरपार्टी निर्देशन दिइएको छ।



एमालेको केन्द्रीय कार्यालयका सचिव डा भीष्म अधिकारीले पार्टी सदस्यताको सङ्ख्या अनुपातमा विभिन्न क्षेत्र छुट्याएर प्रतिनिधि चयनको मापदण्ड बनाइएको बताउनुभयो। उक्त मापदण्डलाई मातहतका जिल्ला कमिटी र जनसङ्गठनले कार्यान्वयनका लागि सम्पर्क तथा आवश्यक समन्वय सुरु गरेका उहाँले जानकारी दिनुभयो।

महाधिवेशनमा केन्द्रीय कमिटीबाट ३५५, अनुशासन आयोगबाट २९, केन्द्रीय निर्वाचन आयोगबाट ३०, लेखा आयोगबाट २५ र केन्द्रीय सल्लाहकार परिषद्बाट निर्वाचितसहित २५ गरी ४६४ प्रतिनिधि हुनेछन्।

यसैगरी स्वदेशका प्रदेशस्तरीय (विशेष प्रदेशसहित)का कमिटीबाट कम्तीमा दुई महिलासहित पाँचका दरले ४५ प्रतिनिधि महाधिवेशनमा सहभागी हुनेछन्। एक सय ६५ सङ्घीय निर्वाचन क्षेत्रबाट सबैभन्दा बढी समावेशीताको सिद्धान्तअनुसार एक हजार १३५ प्रतिनिधि सहभागी हुनेछन्। हरेक निर्वाचन क्षेत्रमा रहेका एक हजार २०० पार्टी सदस्य बराबर ४० वर्ष मुनीका एक युवा र एक महिलासहित चार प्रतिनिधि हुने सचिव डा अधिकारीले जानकारी दिनुभयो।


उहाँका अनुसार न्यूनतम् एक हजार २०० पार्टी सदस्यमा थप आठ सय सदस्य नाघेमा थप एक महिला प्रतिनिधि र त्यसपछि प्रत्येक आठ/आठ सय नाघेमा थप निर्वाचित खुला प्रतिनिधि हुनेछन्।

स्वदेशका विशेष जिल्लाअन्तर्गत एक हजार २०० सम्म पार्टी सदस्य बराबर कम्तीमा एक महिलासहित तीन निर्वाचित प्रतिनिधि रहनेछन्। सदस्य सङ्ख्या आठ सय नाघेमा प्रत्येक थप एक प्रतिनिधि गरी विशेष जिल्ला कमिटीअन्तर्गत कुल ४७ प्रतिनिधि निर्वाचित हुने अधिकारीले बताउनुभयो।

यसैगरी दलित आरक्षणअन्तर्गत कम्तीमा महिलासहित ८१ र श्रमिकमा ४० प्रतिनिधि बन्नेछन् भने प्रवास कमिटीबाट तीन महिलासहित ३५ प्रतिनिधि हुनेछन्। केन्द्रीय विभागबाट ३२ र जनसङ्गठनबाट महिलासहित कुल १३७ प्रतिनिधि रहनेछन्। पार्टी केन्द्रले १०१ प्रतिनिधि मनोनित गर्ने कार्यालय सचिव डा अधिकारीले जानकारी दिनुभयो।रासस

# आन्दोलनलाई संस्थागत गर्न जेनजी समूहलाई भट्टराईको सुझाव

काठमाण्डु। पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले जेनजी आन्दोलनलाई संस्थागत गर्न जेनजी समूहका प्रतिनिधिहरुलाई सुझाव दिनुभएको छ।



नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) र जेनजी समूहबीच विहिबार यहाँ भएको राजनीतिक संवादमा पार्टीका संस्थापक अध्यक्षसमेत रहनुभएका डा भट्टराईले जेनजी आन्दोलन नयाँ पुस्ताको समग्र आवाज रहेको बताउँदै यसलाई वर्तमान सरकारले संस्थागत गर्नुपर्नेमा जोड दिनुभयो।

"यो रुपान्तरीत आन्दोलनलाई संस्थागत गर्न औपचारिक रूपमा सरकारसँग लिखित सम्झौता गर्ने तर्फ जोड दिनुहोस्", उहाँले भन्नुभयो, "संस्थागत गर्नुभएन भने यो ऐतिहासिक आन्दोलन विलाएर जाने खतरा छ।"साथै उहाँले जेनजीका विभिन्न प्रश्नको जवाफ दिनुभएको थियो। पहिलो चरणको संविधान लेखन विफल भएको र दोस्रो चरणका संविधान लेखनमा आफ्नो पार्टीको शक्ति कमजोर भएकाले संविधान अपुरो भएको उहाँको भनाइ थियो। उहाँले भन्नुभयो, "अब यो अपुरो संविधानलाई पुरा गर्ने काम जेनजीको हो।"

पार्टीका संयोजक दुर्गा सोबले विगतमा पार्टीले समाज सुहाउँदो मुद्दामा विचार विमर्श गर्दै आएको बताउँदै अब जेनजी आन्दोलनले देखाएको रुपान्तरणकारी मार्गमासमेत सहकार्य गरेर वैकल्पिक राजनीतिक शक्तिको रूपमा देखापर्ने बताउनुभयो। कार्यक्रममा सान्तेन राई, प्रभात लाभ, अर्णव चौधरी, विकास रसाइली, अमित खनाल ऊर्जा, प्रदिप पाण्डे, माजिद अन्सारीलगायतका जेनजी समूहका अगुवाले आफ्ना धारणा राखेका थिए।रासस

# बिहारमा मतदान, प्रधानमन्त्री मोदीका लागि "लोकप्रियताको परीक्षा"

एपी

पटना ।भारतको पूर्वी राज्य बिहारमा बिहीबार जारी विधानसभा निर्वाचनलाई प्रधानमन्त्री नरेन्द्र मोदीका लागि राजनीतिक 'लोकप्रियताको परीक्षा' का रूपमा हेरिएको छ।

देशको प्रभावशाली राज्यहरूमध्ये एक बिहारमा भएको यो निर्वाचनले मोदीको नेतृत्वमा रहेको राष्ट्रिय लोकतान्त्रिक गठबन्धन (एनडिए) को प्रभाव र जनसमर्थन कति मजबुत छ भन्ने सङ्केत गर्ने अपेक्षा गरिएको छ ।दुई चरणमा सम्पन्न मतदानअन्तर्गत २४३ सिटका लागि बिहारभरका मतदान केन्द्रहरूमा लाखौँ मतदाताहरू लामबद्ध भएर मतदान गरिरहेका छन् ।



बेरोजगारी, कानून र व्यवस्थाको समस्या तथा मतदाता सूची संशोधनमा देखिएको अनियमितता सम्बन्धी सार्वजनिक असन्तुष्टिका बीच सम्पन्न यो निर्वाचनको परिणाम नोभेम्बर १४ मा सार्वजनिक गरिनेछ । परिणामले मोदीको नेतृत्वमा रहेको एनडिएले आफ्नो प्रभुत्व कायम राख्न सक्छ वा शासन र अर्थतन्त्रका प्रश्नमा असन्तुष्ट जनताले विपक्षी गठबन्धनलाई समर्थन जनाउँछन् भन्ने सङ्केत गर्नेछ।

**मोदीका लागि बिहारको राजनीतिक अर्थ**

बिहारलाई लामो समयदेखि भारतको राजनीतिक 'अग्रदूत' अर्थात् राजनीतिक रुझान बताउने राज्यका रूपमा हेरिन्छ। यही कारणले यो चुनाव प्रधानमन्त्री मोदीका लागि अत्यन्तै महत्त्वपूर्ण ठहरिएको हो।

सन् २०२९ को आम निर्वाचन र त्यसअघि हुने उत्तर प्रदेश, पश्चिम बङ्गाल तथा असमका राज्य चुनावहरूलाई ध्यानमा राख्दै मोदीले बिहारमा जितद्वारा आफ्नो राजनीतिक गति कायम राख्ने प्रयास गरिरहनुभएको छ ।बिहारले भारतीय संसद्को तल्लो सदनमा ४० जना सांसद पठाउँछ। यसकारण यहाँको जितले मोदीको सङ्घीय गठबन्धनलाई बलियो बनाउनेछ भने हारले विपक्षी दलहरूलाई नयाँ ऊर्जा प्रदान गर्न सक्छ।

नयाँदिल्लीका राजनीतिक विश्लेषक सिद्धार्थ मिश्राले भन्नुभयो, "यो चुनाव केवल गठबन्धनका लागि मात्र होइन, सत्ता समीकरणका लागि निर्णायक छ। यदि मोदीको नेतृत्वमा रहेको एनडिए असफल भयो भने त्यसले केन्द्रमा रहेको उहाँको सरकारको स्थायित्वमा पनि प्रश्न उठाउन सक्छ।"गत वर्षको सङ्घीय चुनावमा भाजपाले पूर्ण बहुमत नपाएपछि जनता दल (युनाइटेड) र लोक जनशक्ति पार्टी (रामविलास) सँग मिलेर सरकार गठन गरेको थियो । यी दलहरू अहिले बिहारमा पनि मोदीका प्रमुख साझेदारका रूपमा रहेका छन्।

**विपक्षी दलहरूको चुनौती र मतदाता असन्तुष्टि**

बिहारमा सत्तारूढ गठबन्धनको नेतृत्व जनता दल (युनाइटेड) का मुख्यमन्त्री नितिश कुमारले गर्नुभएको छ । जनता दल (युनाइटेड) प्रमुख सहयोगी दल भारतीय जनता पार्टी (भाजपा) हो। ७४ वर्षीय कुमार करिब दुई दशकदेखि राज्यको नेतृत्वमा रहँदै आउनुभएको छ । उहाँलाई राज्यको पूर्वाधार विकास र कानून-व्यवस्थामा सुधारको श्रेय दिइन्छ।

एक समय मोदीका राजनीतिक प्रतिद्वन्द्वी रहेका कुमार पछिल्ला वर्षहरूमा पुनः एनडिएमा फर्किनुभएको हो । राजनीतिक विश्लेषकहरूले भनेका छन्, "यदि बिहारमा एनडिए पराजित भयो भने, कुमारको दलभित्र विभाजन हुने सम्भावना बढ्नेछ र त्यसले मोदी सरकारको सङ्घीय स्थायित्वमा पनि असर पार्न सक्छ।"

नयाँदिल्लीका राजनीति विज्ञ प्राध्यापक रवि रञ्जनका अनुसार यो चुनावले बिहारको नेतृत्व मात्र नभई, सङ्घीय सत्ता सन्तुलनलाई समेत प्रभावित गर्न सक्छ ।विपक्षमा कांग्रेससँग गठबन्धन गरेको राष्ट्रिय जनता दल (राजद) चुनावी मैदानमा छ । मोदीका पूर्व चुनाव प्रबन्धक प्रशान्त किशोरले बनाएको नयाँ राजनीतिक समूह ' जन सुराज' पनि प्रतिस्पर्धामा उत्रिएको छ।

कांग्रेसका नेता राहुल गान्धीले हालै निर्वाचन आयोगमाथि मतदाता सूचीको संशोधनलाई राजनीतिक लाभका लागि गरिएको भन्दै आलोचना गर्नुभएको छ । जुनदेखि राज्यका करिब सात करोड ४० लाख मतदातामध्ये करिब १० प्रतिशतको नाम सूचीबाट हटाइएको बताइन्छ। विपक्षी दलहरूले यस कदमले गरीब र अल्पसङ्ख्यक समुदायलाई मताधिकारबाट वञ्चित गरेको आरोप लगाएका छन् । निर्वाचन आयोगले भने जनसाङ्ख्यिकीय परिवर्तन, बसाइँसराइ र मृत्युका कारण सूची संशोधन आवश्यक रहेको स्पष्ट पारेको छ।

**आर्थिक चुनौती र मतदाताको अपेक्षा**


बिहार कृषि प्रधान र भारतको सबैभन्दा आर्थिक रूपमा कमजोर राज्यहरूमध्ये एक हो। यहाँ करिब १३ करोड जनसङ्ख्या रहेको छ। रोजगारी सिर्जना र आर्थिक समृद्धि दुवै पक्षका मुख्य चुनावी मुद्दा बनेका छन्। भाजपा गठबन्धन र विपक्षी दलहरूले लाखौँ सरकारी रोजगारी सिर्जना गर्ने वाचा गरे पनि अर्थशास्त्रीहरूले राज्यको कमजोर आर्थिक अवस्थालाई देखाउँदै त्यसको व्यवहारिकता माथि शङ्का व्यक्त गरेका छन्।

सेप्टेम्बर महिनामा प्रधानमन्त्री मोदीले महिला मतदाताहरूलाई लक्षित गर्दै ७५ लाख महिलालाई रोजगार कार्यक्रमअन्तर्गत १० हजार भारतीय रुपैयाँ (झन्डै ११३ अमेरिकी डलर) नगद सहायता प्रदान गर्नुभएको थियो । बिहारमा पुरुषहरू प्रायः रोजगारीका लागि बाहिरिने भएकाले महिलाहरू निर्णायक मतदाता समूहका रूपमा रहेका छन्।

मुम्बईस्थित टाटा इन्स्टिच्युट अफ सोसल साइन्सेजका पूर्व प्राध्यापक तथा सामाजिक-अर्थशास्त्री पुष्पेन्द्र कुमार भन्नुहुन्छ, "बिहारको यो चुनावले राज्यको विरोधाभासलाई प्रस्ट पार्छ–जनसङ्ख्याको ठूलो हिस्सा गरिबीमा बाँचिरहेको छ, तर सत्तारूढ गठबन्धनले राज्यलाई विकासको बाटोमा राखेको दाबी गर्छ।"

उहाँका अनुसार सरकारले केही कल्याणकारी कार्यक्रमहरू सुरु गरे पनि भूमिहीनता, न्यून ज्याला र सीमित रोजगारीका अवसरजस्ता दीर्घकालीन समस्याहरूलाई सम्बोधन गर्ने ठोस नीति अझै देखिएको छैन।

# रोबिन सिंह लुम्बिनी लायन्सको 'मेन्टर' नियुक्त



टुडे समाचारदाता

काठमाण्डु । लुम्बिनी लायन्सले भारतीय प्रशिक्षक रोबिन सिंहलाई मेन्टर नियुक्त गरेको छ। लुम्बिनीले मंसिर १ देखि २७ गतेसम्म आयोजना हुने नेपाल प्रिमियर लिगको दोस्रो संस्करणका लागि सिंहलाई मेन्टरमा नियुक्त गरेको हो।

६२ वर्षीय रोबिन सिंहसँग प्रशिक्षणको लामो अनुभव छ। उनले इन्डियन प्रिमियर लिग (आईपीएल) मा मुम्बई इन्डियन्स र क्यारेबियन प्रिमियर लिगमा बारबाडोस ट्रिडेन्ट्सको प्रशिक्षण सम्हालिसकेका छन्। यस्तै रोबिन सिंहले यूएईको राष्ट्रिय टिमलाई समेत प्रशिक्षण दिइसकेका छन्। खेलाडी जीवनबाट संन्यास लिएपछि सिंहले सुरूमा भारतको यू-१९ टिमको प्रशिक्षक बनेका थिए।

सन् २००४ मा हङकङको प्रशिक्षक बनेका उनले हङकङलाई एसिया कपमा छनोट गराउन भूमिका खेलेका थिए। त्यसपछि सन् २००६ मा उनी भारत ए टिमको प्रशिक्षक बने। त्यसपछि २००७ र २००८ मा उनले भारतीय राष्ट्रिय टिममा फिल्डिङ प्रशिक्षकको रुपमा काम गरे। त्यसपछि सन् २००८ मा सुरू भएको आईपीएलको पहिलो सिजनमा सिंह डेक्कन चार्जर्सको प्रशिक्षक थिए।

सन् २०१० मा मुम्बई इन्डियन्सको मुख्य प्रशिक्षक बनेका तीन सिजन मुम्बईको टिममा रहे। त्यसपछि मुम्बईले सन् २०१३ मा आईपीएल उपाधि जितेदेखि उनी कोचिङ संरचनामा समावेश थिए। उनी सन् २०१२ पछि बार्बाडोस ट्रिडेन्ट्सका प्रशिक्षक बनेका थिए।

रोबिन सिंह सन् २०२० मा युएईको राष्ट्रिय टिमको डिरेक्टर अफ दि क्रिकेट तथा मुख्य प्रशिक्षक बने। उनकै प्रशिक्षणमा युएईले सन् २०२२ मा अष्ट्रेलियामा भएको आईसीसी टी-२० विश्वकप खेलेको थियो। सन् २०२३ देखि सुरू भएको इन्टरनेशनल लिग टी-२० मा उनी पहिलो सिजन एमआई इमिरेट्सको जीएम बनेका थिए। अर्को सिजन उनी एमआई इमिरेट्सको मुख्य प्रशिक्षक बन्दै टिमलाई च्याम्पियन बनाउन योगदान गरेका थिए।

यस्तै खेलाडी हुँदा अलराउण्डर रहेका उनले भारतका लागि एक टेष्ट र १३६ एकदिवसीय अन्तर्राष्ट्रिय खेल खेलेका छन्।

उनले टेष्टमा एक खेलमा २७ रन मात्र बनाएका थिए। यस्तै एकदिवसीय अन्तर्राष्ट्रियमा दुई हजारभन्दा बढी रन बनाएका उनले ६९ विकेट लिएका थिए।

दुई दशक लामो प्रशिक्षण अनुभव भएको रोबिन सिंहको आगमन र उनको अनुभवले लुम्बिनी लायन्सले नेपाल प्रिमियर लिग दोस्रो सिजनमा राम्रो नतिजा ल्याउने विश्वास छ।

लुम्बिनी लायन्स टिमका अध्यक्ष इश्वर जिसी भन्छन्, "अन्तर्राष्ट्रिय क्रिकेटमा अनुभव र प्रतिभाले भरिपूर्ण रोबिन सिंहलाई लुम्बिनीमा ल्याउनु हाम्रो लागि मात्र होइन, समग्र नेपाली क्रिकेटलाई नयाँ उचाइमा पुऱ्याउनको लागि पनि एउटा अवसर हो। उनले आफ्नो सानदार क्रिकेट करियरमा सिकेका अनुभव र रणनीतिहरूले नेपाली क्रिकेटका खेलाडीहरूलाई प्रेरित गर्नेछन्, साथै लुम्बिनी लायन्स अत्यन्त भाग्यशाली मान्दछ कि उहाँ जस्तो विश्वस्तरीय खेलाडी तथा प्रशिक्षकले हाम्रो टिमको नेतृत्व गर्दै हुनुहुन्छ। उहाँको नेतृत्व र योगदानले हाम्रो टिम एकदमै बलियो बन्दैछ र यसले पक्कै पनि हाम्रो लक्ष्यलाई सफलताको उचाइमा पुऱ्याउनेछ।"

रोबिन सिंहले लुम्बिनी लायन्सको मेन्टर बन्दा खुसी व्यक्त गरेका छन्। साथै उनले टिममा युवा प्रतिभावान खेलाडीहरूसँग आफ्नो अनुभव बाँड्न उत्साहितसमेत रहेको बताएका छन्।

"नेपाल प्रिमियर लिगमा लुम्बिनी लायन्सको हिस्सा हुन पाउँदा म अत्यन्त खुसी छु। नेपालमा क्रिकेट तीव्र गतिमा वृद्धि हुँदैछ र म यहाँका युवा प्रतिभाहरूसँग आफ्नो अनुभव बाँड्दै जित्ने संस्कृतिको निर्माणका लागि योगदान दिन उत्सुक छु। लायन्समा ठूलो सम्भावना छ। हामीसँगै यस सिजनलाई हाम्रा समर्थकहरू र नेपाली क्रिकेटका लागि साँच्चिकै अविस्मरणीय बनाउन चाहन्छौँ।"-रोबिन सिंहले भने।

लुम्बिनी लायन्सको मार्की खेलाडी नेपाली राष्ट्रिय टिमका कप्तान रोहित कुमार पौडेल छन्। यस्तै लुम्बिनीले दोस्रो सिजनका लागि विदेशी खेलाडीमा अष्ट्रेलियन डार्शी सर्ट र इटलीका बलर थोमस ड्राकालाई अनुबन्ध गरिसकेको छ र अन्य विदेशी खेलाडी पनि चाँडै घोषणा गरिनेछ।

# एलन मस्कको स्टारलिङ्कले भारतमा सेवा विस्तार गर्दै, महाराष्ट्र पहिलो राज्य बन्ने

एएफपी

नयाँदिल्ली। विश्वका चर्चित उद्यमी एलन मस्कको स्वामित्वमा रहेको स्टारलिङ्क इन्टरनेट सेवा अब भारतमा आधिकारिक रूपमा सुरु हुन लागेको छ।

राजधानी वित्तीय केन्द्र मुम्बई रहेको भारतको महाराष्ट्र राज्य यो सेवा सञ्चालन गर्ने पहिलो भारतीय राज्य बन्ने भएको मुख्यमन्त्रीले बुधबार घोषणा गर्नुभएको छ।

स्टारलिङ्कले कम-कक्षीय उपग्रहहरू (लो-अर्थ अर्बिट स्याटेलाइट्स) मार्फत दुर्गम तथा पहुँचविहीन क्षेत्रमा उच्च-गतिको इन्टरनेट सेवा प्रदान गर्ने लक्ष्य राखेको छ। यो प्रक्षेपणले भारतमा मूल्य प्रतिस्पर्धा, स्पेक्ट्रम वितरण र बजार नीतिहरू सम्बन्धी गम्भीर बहसलाई पुनः ताजा बनाएको छ ।भारतमा यस वर्षको अन्त्यसम्म ९० करोडभन्दा बढी इन्टरनेट प्रयोगकर्ता हुने अनुमान छ। यही पृष्ठभूमिमा सरकारले जुन महिनामा स्टारलिङ्कलाई देशमा सेवा सञ्चालनका लागि इजाजतपत्र प्रदान गरेको थियो।

"महाराष्ट्र स्टारलिङ्कसँग औपचारिक रूपमा सहकार्य गर्ने पहिलो भारतीय राज्य बन्ने तयारीमा छ", महाराष्ट्रका मुख्यमन्त्री देवेन्द्र फड्नाविसले मस्कको स्वामित्वमा रहेको सामाजिक सञ्जाल एक्समा लेख्दै भन्नुभयो, "यो सहकार्यले भारतलाई स्याटेलाइट-सक्षम डिजिटल पूर्वाधारमा अग्रणी बनाउनेछ।"

यसअघि, भारतका सबैभन्दा ठूला दूरसञ्चार कम्पनीहरू जियो प्लेटफर्म्स र यसको प्रतिस्पर्धी भारती एयरटेलले समेत आफ्ना ग्राहकहरूलाई स्टारलिङ्क इन्टरनेट उपलब्ध गराउन मस्कको कम्पनी स्पेसएक्ससँग सम्झौता गर्ने योजना सार्वजनिक गरेका थिए।

स्टारलिङ्ककी व्यापार सञ्चालन उपाध्यक्ष लरेन ड्रेयरले भारतको डिजिटल दृष्टिकोणलाई समर्थन गर्न पाउँदा आफू 'अत्यन्त उत्साहित' भएको बताउँदै एक विज्ञप्तिमा भन्नुभयो, "स्टारलिङ्कले अन्तिम स्वीकृति प्राप्त गरेपछि हामी भारतका सबैभन्दा दुर्गम तथा असम्बन्धित क्षेत्रहरूमा विद्यालय, स्वास्थ्य संस्था र सार्वजनिक सेवाहरूलाई इन्टरनेटसँग जोड्नेछौँ।"

अहिले विश्वको पाँचौँ ठूलो अर्थतन्त्र भारतमा प्रमुख प्रविधि कम्पनीहरू तीव्र रूपमा आफ्नो व्यवसाय विस्तार गर्नेतिर लागिरहेका छन्। अक्टोबर महिनामा गुगलले आगामी पाँच वर्षभित्र भारतमा १५ अर्ब डलर लगानी गरी देशकै सबैभन्दा ठूलो एआई हब र डेटा सेन्टर निर्माण गर्ने घोषणा गरेको थियो।




त्यस्तै, अमेरिकी प्रविधि कम्पनीहरू एन्थ्रोपिक र ओपनएआईले भारतमा आफ्ना कार्यालय खोल्ने तयारी गरिरहेका छन् भने पप्लेक्सिटीले जुलाईमा भारतीय दूरसञ्चार कम्पनी एयरटेलसँग ठूलो रणनीतिक साझेदारीको घोषणा गरेको थियो।

भारतको डिजिटल रूपान्तरणमा अब स्टारलिङ्कको प्रवेशले ग्रामीण र दुर्गम क्षेत्रका लाखौँ नागरिकलाई इन्टरनेट पहुँच दिलाउने नयाँ अध्याय सुरू गर्ने अपेक्षा गरिएको छ।

# फिलिपिन्समा टाइफुन 'कलमेगी' को कहर, १४० जनाको मृत्यु र सयभन्दा बढी बेपत्ता



एएफपी

लिलोन ।मध्य फिलिपिन्समा आएको विनाशकारी टाइफुन ' कलमेगी' ले कम्तीमा १४० जनाको ज्यान लिएको छ भने १२७ जना अझै बेपत्ता रहेको पुष्टि गरिएको छ। देशका विभिन्न भागमा आएको अभूतपूर्व बाढी र भूस्खलनका कारण ठूलो जनधनको क्षति भएको छ । यसैबीच, यो आँधी हाल भियतनामतर्फ अगाडि बढिरहेको छ।

विपद् डेटाबेस इएम-डाटका अनुसार कलमेगी सन् २०२५ को अहिलेसम्मको सबैभन्दा घातक टाइफुन बनेको छ । गत वर्ष फिलिपिन्समै आएको ट्रामी तेस्रो सबैभन्दा घातक टाइफुन थियो, जसले १९१ जनाको ज्यान लिएको थियो ।यसपटक, सेबु प्रान्तका सहरहरूमा आएको अभूतपूर्व बाढीले नदी किनारका झुपडीदेखि सवारीसाधन र ठूला ढुवानी कन्टेनरहरूसम्म बगाएको छ । बाढीका कारण जनजीवन पूर्णरूपमा अस्तव्यस्त बनेको छ।

राष्ट्रिय नागरिक सुरक्षा कार्यालयका अनुसार बिहीबारसम्म ११४ जनाको मृत्यु पुष्टि गरिएको थियो, तर सेबु प्रान्तका अधिकारीहरूले थप २८ जनाको मृत्यु दर्ता गरेपछि कुल सङ्ख्या १४० पुगेको छ। सेबु सहर नजिकैको लिलोन सहरमा मात्र ३५ वटा शव प्राप्त भएको छ। एएफपीका प्रत्यक्षदर्शी पत्रकारहरूले बाढीले कारहरू एक-अर्काको माथि थुप्रिएको, घरका छत भत्किएका र बासिन्दाहरूले माटो र भग्नावशेषबाट आफ्ना प्रियजनलाई खोज्ने हतास प्रयास गरिरहेको दृश्य देखेका छन्।

स्थानीय बासिन्दा क्रिस्टिन एटोनले आफ्नी अपाङ्ग बहिनी मिशेललाई बाढीको पानीले बगाउँदा बचाउन नसकेको दुःखद अनुभव सुनाउनुभयो । "हामीले ढोका फुटाउन भान्साको चक्कु र क्रोबार प्रयोग गऱ्यौँ तर त्यसले काम गरेन । फ्रिज बग्न थाल्यो। म र मेरा बुबा तैरेर बाहिर निस्क्यौँ तर मेरी बहिनी फँसिन्", आँखा रसाउँदै उहाँले भन्नुभयो, "बुबाले भन्नुभयो, 'यदि हामी फर्क्यौँ भने हामी सबै मर्छौँ।'"

अर्का बासिन्दा, दुई सन्तानका पिता चिरोस रोआले भन्नुभयो, "हाम्रो कुकुरको भोको आवाजले हामीलाई बचायो । पानी घरमा पस्दा हामी छतमा पुगेका थियौँ। तर उद्धारका लागि बोलाउँदा कोही पनि आएनन्–हामीले सुनेका थियौँ, केही उद्धारकर्ताहरू करेन्टमा परेका रहेछन्।"राष्ट्रपति फर्डिनान्ड मार्कोस जुनियरले 'राष्ट्रिय विपत्तिको अवस्था' घोषणा गर्दै राहतका लागि सरकारी कोष खोल्ने तथा आवश्यक सामग्रीहरूको मूल्यमा सीमा तोक्ने आदेश दिनुभएको छ।

राज्य मौसम विज्ञ बेनिसन एस्टारेजाले भन्नुभयो, "कलमेगीले सेबुमा सामान्यतया नोभेम्बर महिनामा पर्ने वर्षाको भन्दा १.५ गुणा बढी पानी पऱ्यो । यस्तो घटना करिब 'हरेक २० वर्षमा एकपटक' मात्र देखिन्छ।" उहाँका अनुसार सेबुको अत्यधिक सहरीकरणले बाढीको क्षति अझै भयावह बनाएको हो ।स्थानीय व्यापारी रेनाल्डो भर्गारा भन्नुहुन्छ, "बिहान ४-५ बजेतिर पानीको बहाव यति शक्तिशाली थियो कि बाहिर निस्कनै सकिँदैनथ्यो। मैले यस्तो दृश्य जीवनमा कहिल्यै देखेको थिइनँ।" उहाँको पसल पूर्ण रूपमा नष्ट भएको छ।

प्रान्तीय गभर्नर पामेला बारिकुएट्रोले एक रेडियो अन्तर्वार्तामा अवस्थालाई 'अभूतपूर्व' भन्दै जनतालाई उच्च सतर्क रहन आग्रह गर्नुभयो। वैज्ञानिकहरूका अनुसार मानवसिर्जित जलवायु परिवर्तनका कारण हालका टाइफुनहरू अझ शक्तिशाली र विनाशकारी बन्दै गएका छन् । तातो महासागरहरूले आँधीलाई द्रुत रूपमा बलियो बनाउँछन् र तातो वायुमण्डलले बढी आर्द्रता राख्ने भएकाले वर्षा असामान्य रूपमा तीव्र हुन्छ।

यता, कलमेगी बिहीबार साँझसम्म भियतनामतर्फ बढ्दै गएको छ । टाइफुनको हावाको गति बढ्दै गएको र यसले मध्य भियतनाममा आठ मिटर अग्लो छाल र शक्तिशाली वर्षा ल्याउने अनुमान गरिएको छ ।भियतनामका उपप्रधानमन्त्री ट्रान होङ हाले स्थानीय प्रशासनलाई कलमेगीलाई ' तत्काल र खतरनाक आपत' का रूपमा लिँदै पूर्वतयारीका सम्पूर्ण कदम चाल्न निर्देशन दिनुभयो । तटीय क्षेत्रका हजारौँ बासिन्दालाई तत्काल सुरक्षित स्थानमा सार्न आदेश दिइएको छ।

सामान्यतया हरेक वर्ष १० वटा टाइफुन वा उष्णकटिबन्धीय आँधीबेहरीले भियतनाममा प्रत्यक्ष वा अप्रत्यक्ष असर गर्छन्, तर कलमेगी सन् २०२५ को १३औँ टाइफुन हो ।फिलिपिन्समा यस वर्ष मात्रै २० वटा आँधीबेहरी आइसकेका छन् । राज्य मौसम विज्ञ चार्मेन वारिलाका अनुसार डिसेम्बरको अन्त्यसम्म 'कम्तीमा तीनदेखि पाँच थप आँधीबेहरी' आउन सक्ने सम्भावना छ।

त्यस्तै, देशको पूर्वी भागमा अझै ट्रपिकल स्टोर्म 'फङ-वोङ' सक्रिय छ।

# आरसिबीलाई २ अर्ब डलरसम्ममा बेच्ने तयारी, मालिकको रणनीतिक समीक्षा सुरू

एएफपी

नयाँदिल्ली । इन्डियन प्रिमियर लिग (आइपिएल) क्रिकेटको नयाँ च्याम्पियन रोयल च्यालेन्जर्स बेङ्गलुरु (आरसिबी) का मालिकहरूले टोली बिक्री गर्ने सम्भावनाबारे गम्भीर रूपमा विचार गर्न थालेका छन् । यो प्रतिष्ठित फ्रेन्चाइजको मूल्याङ्कन करिब दुई अर्ब अमेरिकी डलरसम्म पुग्ने अनुमान गरिएको छ।




विश्वप्रसिद्ध पेय पदार्थ कम्पनी डियाजियोको भारतीय शाखा युनाइटेड स्पिरिट्स लिमिटेड (युएसएल) ले मुम्बई स्टक एक्सचेन्जमा दर्ता गराएको विवरणमा आरसिबीमा गरेको लगानीको 'रणनीतिक समीक्षा' सुरू भएको औपचारिक रूपमा जनाएको छ।

युएसएलका प्रमुख कार्यकारी अधिकृत प्रवीण सोमेश्वरले बुधबार पठाइएको पत्रमा आरसिबीलाई 'एक मूल्यवान र रणनीतिक सम्पत्ति' भन्नुभएको छ। तथापि, उहाँले यसलाई 'हाम्रो मुख्य अल्कोबेभ व्यवसायसँग प्रत्यक्ष रूपमा सम्बन्धित नभएका' कारण समीक्षा आवश्यक भएको बताउनुभयो।

"यो निर्णयले युएसएल र डियाजियो दुवैको भारतस्थित व्यवसायिक पोर्टफोलियोको समीक्षा र सुदृढीकरणप्रति प्रतिबद्धता झल्काउँछ", सोमेश्वरले भन्नुभयो, "हामी आरसिबी र त्यससँग सम्बन्धित सम्पूर्ण हितलाई प्राथमिकतामा राख्नेछौँ।"यो समीक्षा प्रक्रिया पुरुष तथा महिला दुवै टोलीका स्वामित्व सम्हाल्ने रोयल च्यालेन्जर्स स्पोर्ट्स प्राइभेट लिमिटेडसम्म फैलिने बताइएको छ र आगामी वर्षको मार्चसम्ममा यसको निष्कर्ष आउने अपेक्षा गरिएको छ।

सन् २००८ मा स्थापना भएको यो चर्चित टी-२० क्रिकेट लिगमा आरसिबीले पहिलो पटक यसै वर्ष जुन महिनामा आइपिएल उपाधि जित्दै ऐतिहासिक उपलब्धि हासिल गरेको थियो । ब्लुमबर्ग न्युजका अनुसार, टोलीका मालिकहरू अहिले 'क्लबको केही हिस्सा वा सम्पूर्ण स्वामित्व बिक्री गर्ने सम्भावनाबारे विचार गर्दै' दुई अर्ब डलरसम्मको मूल्याङ्कन लक्ष्य राखिरहेका छन्।

तर विजयको उत्सवपछि आरसिबीमाथि दुःखद क्षण पनि आयो । अहमदाबादमा अन्तिम जित हासिल गरेको एक दिनपछि, बैङ्गलोरको एम. चिन्नास्वामी स्टेडियम बाहिर आयोजित विजय परेडमा ठेलमठेल हुँदा ११ जना प्रशंसकको मृत्यु भयो भने ५० भन्दा बढी घाइते भए। हजारौँको भीडले आफ्ना प्रिय नायक विराट कोहली र विजयी टोलीलाई घर फर्किँदा स्वागत गर्न सडकमा उत्रिएका थिए।

प्रधानमन्त्री नरेन्द्र मोदीले उक्त घटनालाई 'पूर्ण रूपमा हृदयविदारक' भन्दै गहिरो शोक प्रकट गर्नुभएको थियो। कप्तान कोहलीले पनि सामाजिक सञ्जालमार्फत लेख्दै आफू ' शब्दविहीन र अत्यन्त पीडित' भएको प्रतिक्रिया दिनुभएको थियो ।आरसिबीको सम्भावित बिक्रीबारे हुने यो समीक्षा र निर्णयले भारतीय खेल इतिहासमै सबैभन्दा ठूलो व्यावसायिक सम्झौता बन्ने सम्भावना देखिएको छ।

# स्वास्थ्य बीमा सेवा 'प्रणाली'मा प्राविधिक समस्या

चितवन । स्वास्थ्य बीमा सेवा प्रणालीमा प्राविधिक समस्या हुँदा देशभरका बिरामी प्रभावित भएका छन् ।

सो प्रणाली राम्रोसँग नचलेपछि लामो समय पालो कुरेर बिरामी अस्पतालबाट फर्किनु परेको छ । भरतपुर अस्पताल स्वास्थ्य बीमा कार्यक्रमका इञ्चार्ज लीलाधर पौडेलले गएराति ११ बजेसम्म काम गर्दासमेत दिउँसोको दाबी पेस गर्न कठिन भएको बताउनुभयो । उहाँका अनुसार दुईदिनदेखि बिरामी र आफन्तले गुनासो गरिरहेका छन् ।

'बिलिङ काउन्टर'मा पटकपटक झगडा पर्ने गरेको छ । पौडेलले भन्नुभयो, "बुधबार मात्रै ५०० भन्दाबढी बिरामी टिकट काट्न नसकेर फर्किएका छन् ।" दिनभर लगाएर एक हजार ६२६ जनाको टिकट काटिएको उहाँले बताउनुभयो । प्रणालीले सहजै काम गरेको भए दुई हजार २०० हाराहारीमा बिरामी बीमामार्फत् उपचार गर्न आएका थिए ।

भरतपुर अस्पतालमा बीमाको टिकट काउन्टर आठ वटा छन् भने आकस्मिकमा समेत बीमाको टिकट काटिन्छ । अस्पतालको टिकट काउन्टरमा कार्यरत वसन्ती चिलवालले विगत चार दिन यता नयाँ टिकट काट्नै नसकिएको बताउनुभयो ।बीमा बोर्ड अन्तर्गत ५५० अस्पतालले सेवा दिएका छन् । तीमध्ये केही अस्पतालले बोर्डलाई पत्राचार गरी समस्याका बारेमा अवगत गराएका छन् । विराट मेडिकल कलेज, कोशी अस्पताल, बीपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानलगायतका अस्पतालले यही अवस्थामा सेवा दिनै कठिन भएको पत्र बोर्डमा पठाएका छन् ।

बोर्डका कार्यकारी निर्देशक रघुराज काफ्लेले बोर्ड स्थापना हुँदा परीक्षणका रूपमा दुई चार लाख सेवाग्राहीका लागि जडान गरिएको प्रणालीको स्तरोन्नति गर्न नसकिएका कारण समस्या आएको बताउनुभयो । उहाँका अनुसार बोर्डमा जडान गरिएका प्रणालीको म्याद सकिएको छ । हाल चाप अत्याधिक बढेको र प्रणालीमा सोही अनुरुपको स्तरोन्नति नहुँदा समस्या भएको हो । आफ्नो प्रत्यक्ष निगरानीमा प्राविधिक टोलीले काम गरिरहेको जानकारी दिँदै उहाँले अझ समस्या समाधान गर्न एक साता बढी लाग्ने बताउनुभयो । रासस

# लोभलाग्दो 'ड्रागन फ्रुट' खेती



धरान । करिब २८ वर्ष भारतीय सेनामा सेवा गरी अवकाश प्राप्त कृपाश्वर घले गुरुङले यहाँको रामधुनी नगरपालिका-७ रानीपोखरीमा व्यावसायिक रूपमा 'ड्रागन फ्रुट' खेती गर्दै आउनुभएको छ ।

उहाँले विसं २०७४ मा स्थापना गर्नुभएको 'तर्जुमा ड्रागन फ्रुट कृषि फार्म'बाट हाल वार्षिक रु ५५ देखि ६० लाखसम्म आम्दानी गर्दै आएको बताउनुभयो । घलेले एक बिघा क्षेत्रफलमा खेती गरिरहनुभएको छ ।

गुरुङका अनुसार करिब २२ वर्षअघि मलेसियाबाट ल्याइएको रातो पिङ प्रजातिको एक बिरुवाबाट खेती सुरु गरिएको थियो । सुरुमा फलको बजार मूल्य तथा स्वास्थ्य उपयोगबारे स्पष्ट जानकारी नभए पनि माग र मूल्य वृद्धिसँगै खेती बिस्तार गर्दै लगिएको र हाल यही मुख्य आम्दानीको स्रोत बनेको उहाँले जानकारी दिनुभयो ।व्यवसायी गुरुङले भन्नुभयो,"फार्ममा हाल करिब २५० बोट ड्रागन फ्रुट लगाएको छु । अन्य फलफूलले वर्षमा एकपटक मात्र फल दिने भए पनि ड्रागनले वर्षमा नौ पटकसम्म उत्पादन दिन सक्छ । त्यही भएकाले आय स्थिर हुन्छ ।"

उत्पादनसँगै बिरुवा बिक्रीबाट पनि आम्दानी हुँदै आएको छ । वार्षिक रूपमा रु चार लाखभन्दा बढीको बिरुवा बिक्री हुने गरेको गुरुङले बताउनुभयो । पहिले प्रतिबोट रु २०० देखि रु ४०० सम्ममा बिक्री हुने बिरुवा हाल मागअनुसार रु ५० देखि रु ७० मा बिक्री हुने गरेको उहाँले बताउनुभयो । ड्रागन फ्रुट भने खुद्रा मूल्य प्रतिकिलो रु ४०० र होलसेलमा रु ३५० मा बिक्री हुने गरेको छ ।

फार्ममा मासिक रु १५ हजार तलबमा दुई जना स्थायी कर्मचारी र दैनिक रु ७०० सय ज्यालादरमा दर्जनभन्दा बढी कामदारले काम पाइरहेका छन् । फल टिप्ने तथा मल हाल्ने याममा कामदार सङ्ख्या अझ बढी हुने गरेको छ । गुरुङले भन्नुभयो," फार्म सञ्चालन, मलखाद्य, औजार तथा श्रमिक लागतवापत वार्षिक करिब रु आठ लाख खर्च हुने गरेको छ । गत वर्ष २२ मेट्रिकटन उत्पादन भएको ड्रागन फ्रुट यस वर्ष २७ मेट्रिकटनभन्दा बढी उत्पादन भएको छ । उत्पादित फल धरान, इटहरी, इनरुवा, विराटनगर र धेरैजसो काठमाडौँ, पोखरा र हेटौँडासम्म बिक्रीका लागि पठाउने गरेको छु ।"

आम्दानी राम्रो भएकाले पछिल्लो समय यस खेतीतर्फ अन्य युवाको पनि आकर्षण बढ्दै गएको छ । अवकाशपछि कृषि उद्यममा लागेका घलेका अनुसार देशमै बसेर कृषि व्यवसायमार्फत राम्रो आम्दानीसँगै स्थानीयस्तरमा रोजगारी पनि सिर्जना गर्न सकिने सम्भावना छ । हाल सुनसरीको रामधुनी नगरपालिका-७ मा मात्र १० घरधुरीभन्दा बढीले ड्रागन खेती गर्दै आएका छन् । विदेशबाट फर्केका युवाहरू पनि ड्रागन खेतीमा लागिरहेका छन् ।रासस

# गतआवमा भोजपुरमा ५१ हजार मेट्रिक टन आलु उत्पादन

भोजपुर । जिल्लामा गत आर्थिक वर्षमा ५१ हजार नौ सय मेट्रिक टन आलु उत्पादन भएको छ । हिउँदे र वर्खे गरी यहाँ ५१ हजार मेट्रिक टन बढी आलु उत्पादन भएको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

यहाँ दुई सिजनमा गरी तीन हजार २७२ हेक्टर क्षेत्रमा आलु उत्पादन हुने कृषि ज्ञान केन्द्र भोजपुरका सूचना अधिकारी धनश्याम बरालले जानकारी दिनुभयो । विगतमा निर्वाहमुखी खेतीमा सीमित किसानहरू अहिले व्यावसायिक रूपमा आलु खेतीमा लाग्न थालेका उहाँले बताउनुभयो ।"जिल्लामा पछिल्लो समय व्यावसायिक आलु खेती गर्ने किसानको सङ्ख्या बढ्दै गएको छ" उहाँले भन्नुभयो,"गत वर्ष भोजपुरमा ५१ हजार मेट्रिक टन भन्दाबढी आलु उत्पादन भएको थियो । आलु किसानको राम्रो आम्दानीको श्रोत बनेको छ ।"

ज्ञान केन्द्रले उन्नत जातको बीउ वितरणसँगै विभिन्न ठाउँमा आलु पकेट क्षेत्र निर्धारण गरेर प्रोत्साहनको कार्यक्रम सञ्चालन गरिरहेको जनाएको छ । जिल्लामा वर्खे आलुको उत्पादन बढी हुने गरेको किसानको भनाइ छ । ग्रामीण क्षेत्रसम्म सडक विस्तार भएपछि उत्पादित आलु बेचविखन गर्न सहजता भएको टेम्केमैयुङ- ५ मझौलेका किसान धनराज राईले बताउनुभयो । सडकका पहुँचका कारण अहिले आलु किन्न ठेकेदारहरु गाडी लिएर घरमा नै आउने गरेको उहाँको भनाइ छ ।

"पहिले बेचविखन गर्न निकै समस्या थियो' उहाँले भन्नुभयो,"पिठ्यूँमा बोकेर बैंसीसम्म लगेर र धानसँग सटही गर्थ्यौं। तर सडक विस्तार भएपछि अहिले ठेकेदारहरू गाडी लिएर घरमै आउँछन्।" उहाँका अनुसार, सडक पुगेसँगै किसानले उत्पादनको मूल्य समयमै पाउने र बजारसम्म सहज पहुँच बनेपछि आलु खेतीप्रति अझ आकर्षित भएका छन् ।

# मारमा मौरीपालक किसान



नारायणगढ । सरकारले आयातित महलाई बजारमा प्रमुख स्थान दिँदा स्वदेशी मौरीपालक किसान असन्तुष्ट भएका छन् ।

मह उत्पादन र खपतको मुख्य समय असोजदेखि चैत्रसम्म हुने भएकाले सो अवधिमा विदेशी मह आयात गर्ने सरकारको निर्णय किसानको हितमा नरहेको किसानको गुनासो छ । साथै चरन क्षेत्रमा हुने विभिन्न अवरोधका कारण पनि मौरीपालक किसान थप मर्कामा छन् । सरकारले सहयोग नगरे विदेशी बहुराष्ट्रिय कम्पनी र ठूला व्यवसायी-बिचौलियाले मौरीपालक किसानलाई विस्थापित गर्ने उनीहरुको भनाइ छ ।

नेपाल मौरीपालक महासङ्घका वरिष्ठ उपाध्यक्ष पदमप्रसाद अमगाईंले गर्नुभयो । उहाँले भन्नुभयो, "यो समयमा किसानको मह बिक्री नभए वर्षभरिको लगानी र परिश्रम खेर जान्छ ।"उहाँका अनुसार चरन अवधिमा फुलमा विषादी छर्किँदा मौरी मर्ने, वन कार्यालयले हरेक घारका लागि रु ३०० लिने, बाटोमा अवरोध हुने र बीमा दाबीसमेत गर्न कठिन हुने गरेको छ । चरन क्षेत्र दाङ र कपिलवस्तु हुँदै चितवनसम्म फैलिएको छ । उहाँले किसानबीचमा पनि अस्वस्थ प्रतिस्पर्धाका कारण चरन क्षेत्रमा असमानता र झन्झट भएको बताउनुभयो ।

भरतपुरका मौरीपालक किसान विष्णुप्रसाद भुसालले बाहिरी जिल्लामा मौरी चराउन लैजाँदा वन कार्यालयलाई शुल्क तिर्नुपर्ने हुँदा राज्यले यसमा सहुलियत दिनुपर्ने माग गर्नुभयो ।नेपाल मौरीपालक महासङ्घकी पूर्वउपाध्यक्ष गीता देवकोटाकाअनुसार अहिले मह बिक्री र चरन दुबै क्षेत्रमा समस्या छ । आयात खुला हुँदा किसान निरुत्साहित भएका छन् । उहाँले भन्नुभयो, "यो सिजनमा एउटै किसानले ४-५ टनसम्म मह उत्पादन गर्छ । त्यसैले स्वदेशी महलाई प्राथमिकता दिई किसानलाई प्रोत्साहन गर्नुपर्छ ।"

विसं २०५१ सालदेखि व्यवसायिक मौरीपालन सुरु भएको नेपालमा अहिले मेलिफेरा जातका करिब एक लाख ३० हजार र सेरेना जातका करिब एक लाख ७० हजार घार छन् । मेलिफेराबाट वार्षिक करिब चार हजार मेट्रिकटन र सेरेनाबाट एक हजार मेट्रिकटन मह उत्पादन हुने अनुमान छ । हाल मेलिफेरा मौरीपालनमा करिब १२ हजार किसान र सेरेना मौरीपालनमा हजारौँ किसान संलग्न छन् ।रासस

# नेपालगञ्ज कारागारमा क्षमताभन्दा दोब्बर कैदीबन्दी



नेपालगञ्ज । नेपालगञ्ज कारागारमा क्षमता भन्दा दोब्बर कैदीबन्दी राखिएको छ । 'एडभोकेसी' फोरम नेपाल, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) र उपभोक्ता संरक्षण मञ्च लुम्बिनी प्रदेशले संयुक्त रूपमा गरेको अनुगमनमा जेनजी प्रदर्शनपछि बाँके कारागारमा क्षमता भन्दा दोब्बर कैदीबन्दी राखिएको पाइएको हो ।

अनुगमन पश्चात् नेपालगञ्ज कारागारको अवस्था सुधार गरी कैदीबन्दीको उचित व्यवस्थापन गर्न आग्रह गरिएको छ । कारागारमा अहिले ३५० कैदीबन्दीको क्षमता रहेकामा ८०० कैदीबन्दी तथा थुनुवा राखिएको छ । यहाँ रहेका कैदीबन्दीमध्ये सबैभन्दा बढी लागुऔषध कारोबार, जबरर्जस्ती करणी, कर्तव्यज्यान मुद्दाका रहेका कारागार प्रशासनले जनाएको छ ।


कारागारका जेलर प्रकाश ढुङ्गानाले महिला कैदीबन्दी गृह नभएकाले बर्दिया कारागारमा पठाउने तयारी भइरहेको जानकारी दिनुभयो । जेनजी प्रदर्शनका क्रममा केही कैदीबन्दी भाग्न खोजेपछि सुरक्षाकर्मीले नियन्त्रणका लागि गोली चलाउँदा कैलालीका २४ वर्षीय उमेश बमको खुट्टामा गोली लागेर घाइते भएका उल्लेख गर्दै उहाँले बमको अवस्था सामान्य भएपछि पुनः कारागार फर्किएका बताउनुभयो । क्षमताभन्दा दोब्बर बढी कैदीबन्दी बस्नुपर्ने अवस्था भएकाले बसोबास, स्वास्थ्य र सरसफाइमा कठिनाइ देखिएपछि सुधारका लागि आग्रह गरिएको एडभोकेसी फोरमका प्रदेश संयोजक वसन्त गौतमले बताउनुभयो । उहाँले कारागारमा अस्थायी रूपमा एक महिलाबन्दी राखिएको भए पनि बाँकेमा महिला कैदीबन्दीका लागि छुट्टै कारागार भवनको अभाव रहेको उल्लेख गर्नुभयो ।

कारागारमा कैदीबन्दीका लागि पिउने पानी, सरसफाइ र स्वास्थ्य उपचारको सामान्य सुविधा मात्र रहेको पाइएको अनुगमन टोलीले जनाएको छ । स्वच्छ पानीका लागि समरसेल र मिनरल वाटरको व्यवस्था गरिएको छ भने ए ब्लक र बी ब्लकमा गरी ११ वटा सार्वजनिक शौचालय सञ्चालनमा छन् । प्राथमिक तहको विद्यालय पनि सञ्चालनमा रहेको सो कारागारमा कक्षा १ देखि ५ कक्षासम्म ९८ जना कैदीबन्दीले अध्यायन गरिरहेका जेलर ढुङ्गानाले जनाकारी दिनुभयो ।

कारागारको प्रशासनिक भवन जीर्ण भएकाले कर्मचारीले असुरक्षित महसुस गर्दै बाहिरबाट काम गर्नुपर्ने अवस्था, अदालतबाट कैदीपुर्जी ढिलो प्राप्त हुने, पुनरावेदन म्याद ढिलाइ हुने, कैदीबन्दीका उजुरी समयमा सम्बोधन नहुनेलगायत समस्या समाधानका लागि कारागार प्रशासनलाई आग्रह गरिएको संयोजक गौतमले बताउनुभयो । अनुमगनमा टोलीमा इन्सेकका कार्यक्रम अधिकृत टेकनाथ आचार्य, उपभोक्ता संरक्षण मञ्चका प्रदेश उपाध्यक्ष प्रभातकुमार ठकुरीलगायत सहभागी हुनुहुन्थ्यो ।

# तीनवर्षमा बन्नुपर्ने कञ्चनपुरको दुई पुल नौ वर्षमा पनि सम्पन्न भएन

कञ्चनपुर । जिल्लाका दुई पक्की पुल सम्पन्न हुने चरणमा पुगेका छन् । लामो समयदेखि ढिलाइ हुँदै आएको कृष्णपुर नगरपालिका-१ बंक-बुडर-नायल सडकखण्डमा पर्ने ओदाल खोला पुल र बेदकोट नगरपालिका-६ र ७ लाई जोड्ने मुसेपानी खोलाको पुल निर्माण



अन्तिम चरणमा पुगेको हो ।

सडक डिभिजन कार्यालय महेन्द्रनगरका सूचना अधिकारी हरिशप्रसाद जोशीका अनुसार पुल निर्माणका लागि विसं २०७४ जेठ १० गते रु १५ करोड ४३ लाखको लागतमा तीन वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी ठेक्का सम्झौता गरिएको थियो ।

त्यसैगरी, ओदाल खोला पुल निर्माणका लागि विसं २०७३ भदौ १७ गते रु पाँच करोड ४७ लाखमा दुई वर्षभित्र सम्पन्न गर्ने सम्झौता भएको थियो । तर, समयमै काम सम्पन्न गर्न नसकेपछि दुवै पुलको म्याद पटक-पटक थपिँदै आएको छ । ओदाल खोलाको पुल तोकिएको समयमा सम्पन्न हुन नसकेकाले ठेकेदार कम्पनीमाथि १० प्रतिशत जरिवाना (हजर्ना) लगाइएको सूचना अधिकारी जोशीले जानकारी दिनुभयो । मुसेपानी खोलाको पुलको अन्तिम म्याद भने अहिले विसं २०८२ कात्तिक मसान्तसम्म तोकिएको छ ।

हालसम्म मुसेपानी खोलाको पुलको भौतिक प्रगती ९५ प्रतिशत र ओदाल खोलाको पुलको भौतिक प्रगति ९३ प्रतिशत रहेको छ । "दुवै पुलको सब-स्ट्रक्चर, सुपरस्ट्रक्चर र तटबन्ध निर्माण पूरा भइसकेको छ," उहाँले भन्नुभयो, "हाल पहुँच मार्ग निर्माण पूरा हुन बाँकी रहेको छ ।"

ओदाल खोलाको पुलको लम्बाइ ४० मिटर र मुसेपानी खोलाको पुलको लम्बाइ एक सय ६० मिटर रहेको छ । दुवै पुल आधुनिक प्री-स्ट्रेस्ड प्रविधिमा निर्माण गरिएका छन ।

वित्तीय हिसाबले हेर्दा ओदाल खोलाको पुलको प्रगति रु चार करोड ५२ लाख रहेको छ भने त्यसमा १० प्रतिशत हजर्ना असुल उपर गरिएको छ । मुसेपानी खोलाको पुलको वित्तिय प्रगति रु १३ करोड ३० लाख पुगेको छ । ठेकेदार कम्पनीको ढिलासुस्तीका कारण दुवै पुल तोकिएको अवधिभित्र सम्पन्न हुन नसके पनि अहिले तीव्रगतिमा काम भइरहेको जनाइएको छ ।

पुल निर्माणमा ढिलाइ हुँदा स्थानीय बासिन्दा लामो समयदेखि सास्ती खेपिरहेका थिए । विशेषगरी बर्खाको समयमा खोला तर्ने जोखिम बढ्ने र आवतजावतमा कठिनाइ हुने समस्याले जनजीवन प्रभावित हुँदै आएको थियो ।रासस

# पाइन छाडे घोंगी, गङ्गटा र सुतही जस्ता जलचर



गुलरिया । मासु किन्न नसक्ने विपन्न वर्गका थारु समुदायले पहिलेपहिले चाडबाडका बेला माछा, घोंगी, गङ्गटा, सुतही मारेर चाड मनाउँथे । तर केही वर्षयता यस क्षेत्रका खेत, खोलानाला, तालतलैयामा घोंगी, गङ्गटा, सुतही जस्ता माछा प्रजातिका जलचर पाइन छाडेका छन् । बढैयाताल गाँउपालिका-५ जगतियाका ६० वर्षीय बलीराम थारु भन्नुहुन्छ, "पहिले धेरै मात्रमा घोंगी, गङ्गटा, सुतही पाइन्थे । अहिले पाइनै छाडे ।" आधुनिक खेती प्रणालीले गर्दा खेतमा रसायनिक मल र विषादीको प्रयोग बढ्न थालेपछि खेत, नदी, खोलामै यी प्रजाति मासिन थालेको उहाँको अनुमान छ । सिमसार र तालतलैयाहरुमा पानी कम हुनु, सुख्खा क्षेत्र बढ्नुले पनि यी माछाका प्रजातिहरु कम हुँदै गएको हुनसक्ने उहाँ बताउनुहुन्छ ।

पहिले स्थानीयले जाल तथा हेल्का वा हातले माछाको सिकार गर्थे । हिजोआज नदी, खोलानालाहरुमा विष हाल्ने, करेन्ट लगाउने चलन बढेपछि माछाका प्रजाति फस्टाउन नसकेको स्थानीय बताउँछन् । नेपालकै ठुलो ताल भनिने बढैयाताल १०७ विगाहमा फैलिएको छ । यो तालमा समेत दोहन हुन थालेपछि घोंगी, गङ्गटा, सुतही पाइन छाडेका छन् ।

बढैयाताल गाँउपालिकाका अध्यक्ष हिमालय त्रिपाठीकाअनुसार पहिलेको तुलनामा अहिले थोरै मात्रामा यी प्रजाति पाइन्छन् । "तालमा पानी सुक्दै गएको छ, यहाँ आउने धेरै चराहरुले आहारा नपाउँदा चराहरुको बासस्थान समेत पाइन छोडेको छ । तालमा चराका चिरविर आवाज पनि सुनिन छाडेको छ ।"

अर्कोतर्फ यसको संरक्षण भन्दा पनि बढी यस्ता प्रजाति मारेर बिक्री गर्ने चलन बढेपछि उनीहरुको बासस्थाननै मासिन थालेका हुन् । घोंगी, गङ्गटा, सुतहीको परिकार स्थानीय घरबास (होमस्टे) हरुमा पाहुनाका लागि आकर्षण भएपछि सिकारीहरु व्यावसायिक रुपमै यसको सिकार गर्न थालेका छन् ।रासस

# अनौठो 'स्काई केभ'



म्याग्दी । सुख्खा पहाडको टुप्पोमा टाढैदेखि देखिने गोलो आकारको प्वाल । झट्ट हेर्दा मानव निर्मित प्रवेशद्वार जस्तै देखिने यो प्वाल प्राकृतिक हो । म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ मा रहेको यो दृष्य अनौठो र सुन्दर देखिन्छ । पहाडको फेदीबाट हेर्दा आकाश देखिने भएकाले स्थानीयद्वारा 'स्काई केभ' (आकाशे गुफा) नामाकरण गरिएको छ ।

नारच्याङबाट अन्नपूर्ण आधार शिविर जोड्ने मौरिस हर्जोग पदमार्गमा पर्ने यो गुफा अनौठो र आकर्षक भएको स्थानीय माइकल पुनले बताउनुभयो । "अन्नपूर्ण आधार शिविर आउनेजाने पर्यटकले पदमार्गबाट अनौठो मानेर पहाडको टुप्पोमा रहेको गुफा हेर्ने गरेका छन्", उहाँले भन्नुभयो, "गुफासम्म पुग्ने पदमार्ग नभएकाले पर्यटक यहाँ पुग्न सकेका छैनन् ।"

मुख्यबाट ३० मिनेट हिँडेपछि समुद्री सतहदेखि तीन हजार ९०० मिटर उचाइमा रहेको आकाशे गुफामा पुग्न सकिन्छ । करिब १५ मिटर लामो गुफा सुरुङ जस्तै रहेको पुनले बताउनुभयो । गुफासम्म पुग्ने व्यवस्थित पदमार्ग नभएकाले पैदालयात्रा जोखिम मानिएको उहाँको भनाइ छ ।

पुनका अनुसार गुफाभित्रैबाट निलगिरि र अन्नपूर्ण हिमशृङ्खला तथा वरपरका पहाडी भूगोलको दृष्य अवलोकन गर्न सकिन्छ । काठमाडौँबाट अन्नपूर्ण आधार शिविर घुम्न आएका सुजित भट्टले पहाडको टुप्पोमा कडा चट्टानले बनेको स्काई केभ अनौठो लागेको प्रतिक्रिया दिनुभयो । "टाढैबाट हेर्दा पनि गुफाका विषयमा धेरै उत्सुकता जाग्यो", उहाँले भन्नुभयो, "सम्बन्धित ठाउँमै पुगेर अवलोकन गर्ने सुविधा भएमा कौतूहलता मेटिने थियो ।"

नयाँ पर्यटकीय गन्तव्यस्थलका रूपमा विकास भएको मौरिस हर्जोग पदमार्गका अभियान्ता तेज गुरुङले स्काई केभ पदमार्गको एक आकर्षण भएको बताउनुभयो । "विसं २०६८ मा मौरिस हर्जोग पदमार्गको अध्ययनका क्रममा स्काई केभ पनि पहिचान भएको थियो", उहाँले भन्नुभयो, "पदमार्गसँगै रहेका अन्य स्थानमा आधारभूत पूर्वाधार बनाएर पर्यटक आउने वातावरण बनाइएको छ ।"

स्काई केभसम्म पुग्ने पदमार्ग बनाएर भ्रमणमा आउने पर्यटकको बसाइँ लम्बाउने र सहायक गन्तव्यका रूपमा विकास गर्ने योजना रहेको गुरुङले जानकारी दिनुभयो । अन्नपूर्ण हिमालका प्रथम आरोहण टोलीका अगुवा फ्रान्सका मौरिस हर्जोगको सम्मानमा अन्नपूर्ण गाउँपालिकाले विसं २०७७ मा पदमार्ग घोषणा गरेको थियो ।

नारच्याङबाट हुमखोलासम्म २० किलोमिटर कच्ची सडकमा दुई घण्टा गाडी र हुमखोलाबाट फुतफुते झरना, साँधीखर्क, गुफाँफाँट हुदै भुसकेत जाने पदमार्गको बीचभागमा स्काई केभ पर्दछ । हुमखोलाबाट तीन घण्टाको पैदलयात्रामा स्काई केभ भएको पहाडको फेदीमा पुगिन्छ ।

मौरिस हर्जोग पदमार्ग भएर अन्नपूर्ण आधार शिविर पुगेर आउनुभएका म्याग्दीबाट निर्वाचित गण्डकी प्रदेशसभा सदस्य हरिबहादुर भण्डारीले स्काई केभसम्म पुग्ने पदमार्ग, आवश्यक पूर्वाधारलगायत संरचना निर्माण गरी पर्यटन प्रवर्द्धनका लागि गाउँपालिका, प्रदेश सरकार र अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)सँग समन्वय गर्ने बताउनुभयो ।रासस

# अस्पतालमै गाउँपालिकाको कार्यालय

**टुडे समाचारदाता**

लहान । सिरहा जिल्लाको एक पालिकाले आफ्नो प्रशासनिक कामकारबाही अस्प्तालबाटै सञ्चालन गरिरहेको छ।



गत भदौं २४ गते भएको जेन- जी प्रदर्शनका क्रममा औरही गाउँपालिकाको प्रशासनिक भवनमा आगजनी भएपछि सेवा प्रवाहमा समस्या भएको भन्दै अस्पतालबाटै प्रशासनिक कामकारबाही अघि बढाइएको छ । गाउँपालिकाको भवन आगजनीबाट ध्वस्त भएपछि हाल स्थानीय औरही अस्पतालकै भवनबाट सेवा सञ्चालनमा ल्याउनका लागि काम थालिएको जनाइएको छ।

प्रशासनिक कार्यालय सञ्चालनका लागि अर्को विकल्प नहुँदा गाउँपालिकाले अस्पतालको माथिल्लो तला प्रयोग गरेर सेवा प्रवाह भइरहेको गाउँपालिका अध्यक्ष शिवजी यादवले बताए । उनले नयाँ भवन निर्माणाधीन रहेकाले तत्कालका लागि अस्पतालमा नै कार्यालय सञ्चालन गर्नुपर्ने बाध्यता भएको बताए।

अध्यक्ष यादवले भने, "पुरानो भवन कामै नलाग्ने गरी ध्यस्त भयो। हाल अर्को विकल्प नहुँदा अस्पतालसँग सहकार्य गरेर काम गरिरहको छौं । गत वर्षदेखि निर्माण शुरु गरिएको नयाँ प्रशासकीय भवन यसै आर्थिक वर्षभित्र सम्पन्न गर्न द्रूतगतिमा काम गर्न लगाएका छौं ।" उनका अनुसार सात करोड ९४ लाख १८ हजार ८९० रुपैयाँ लागतमा नयाँ भवन निर्माणको काम भइरहेको छ।

अस्पताल र गाउँपालिका एउटै भवनमा सञ्चालन हुन थालेपछि बिरामीले पाउनुपर्ने स्वास्थ्य सेवामा समस्या भइरहेको छभने अर्कातर्फ गाउँपालिका कार्यालयका कर्मचारीलाई पर्याप्त स्थान अभावका कारण प्रशासनिक काम गर्न कठिनाइ भइरहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवशरण यादवले बताए।

हाल अस्पतालको माथिल्लो तलामा गाउँपालिकाको प्रमुख प्रशासकीय कक्षसहित शिक्षा र स्वास्थ्य शाखा सञ्चालनमा छन् । कोठा अभावका कारण अस्पतालकै माथिल्लो तलामा रहेको न्यायिक समितिको हलमै अध्यक्ष र उपाध्यक्षको कार्यकक्ष व्यवस्थापन गरिएको छ । कृषि, राजस्व र पशु शाखा भने कृषि तथा पशुपन्छी सेवा केन्द्रको छुट्टै भवनबाट सञ्चालन भइरहेको छ।

अस्पताल प्रमुख उपेन्द्र यादवले गाउँपालिकाको प्रशासनिक कामकाज सञ्चालन हुन थालेपछि अस्पतालका नियमित सेवाहरू प्रभावित भएको बताए।

पन्ध्र शैयूया क्षमताको अस्पतालमा हाल पाँच शैयूया मात्रै सञ्चालनमा छन् । दैनिक एक सय हाराहारी बिरामी उपचारका लागि आउने गरेकाले भीडभाडका कारण स्वास्थ्यकर्मीलाई सेवा प्रवाह गर्न थप चुनौती देखिएको अस्पताल प्रशासनको भनाइ छ।

# कार्तिक ३० गतेभित्र जनमत र जनस्वराजको टुँगो लाग्ने

**निर्वाचन आयोगले प्रतिनिधि सभा निर्वाचन प्रयोजनका लागि दल दर्ता गर्ने अन्तिम समय सीमा कात्तिक ३० गतेसम्म निर्धारण गरेको हुनाले सर्वोच्च अदालतले त्यसअघि नै फैसला गर्ने बताइएको छ ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । जनमत पार्टीबाट फुटेर बनेको 'जनस्वराज पार्टी'को वैधता कायम रहने वा नरहने बारे टुँगो सर्वोच्च अदालतको पूर्ण इजलासबाट लगाइने भएको छ। सर्वोच्चले निर्वाचन आयोगमा दल दर्ता गर्न तोकिएको समयावधिभित्रै जनमत पार्टी विभाजनको विषयमा फैसला दिने समेत भनेको छ।



निर्वाचन आयोगले प्रतिनिधि सभा निर्वाचन प्रयोजनका लागि दल दर्ता गर्न अन्तिम समय सीमा कात्तिक ३० गतेसम्म निर्धारण गरेको हुनाले सर्वोच्च अदालतले त्यसअघि नै फैसला गर्ने बताइएको छ।

जनमत पार्टीबाट विभाजन भएर जनस्वराज नामक छुट्टै पार्टीको रूपमा निर्वाचन आयोगले असोज २८ गते दल दर्ता प्रमाणपत्र दिने निर्णय गरेपछि त्यस निर्णयविरुद्ध जनमत पार्टीका अध्यक्ष डा. चन्द्रकान्त (सीके) राउत सर्वोच्च अदालत पुगेका हुन्। जनमत पार्टी फुटको वैधानिकताको विषयमा सर्वोच्च अदालतले यथास्थितिमा राख्न अल्पकालीन अन्तरिम आदेश जारी गरिसकेको छ।

त्यसपछि कात्तिक १७ गते पुनः न्यायाधीशद्वय टेकप्रसाद ढुङ्गाना र सुनिल कुमार पोखरेलको संयुक्त इजलासले पनि असोज ३१ गतेको अन्तरिम आदेशलाई निरन्तरता दिएको छ।

'राजनीतिक दल सम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्न बनेको अध्यादेश २०७८ को दफा ३३(२) निष्क्रिय भएपछि सोही अध्यादेशको आधारमा संशोधित राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम ५ मा भएको व्यवस्था बमोजिम साबिक जनमत पार्टीको २० प्रतिशतभन्दा बढी केन्द्रिय सदस्यहरू सहभागी भई अलग जनस्वराज पार्टी नामक दल गठन गर्नु कानून सम्मत हुने-हो वा होइन भन्ने' कुराको सर्वोच्चले निक्यौंल गर्नुपर्ने आदेशमा भनिएको छ।

उक्त विषयमा अन्तिम किनारा लाग्दाका बखत सम्बोधन हुने हुँदा हाललाई अन्तरिम आदेशलाई निरन्तरता दिइएको आदेशमा उल्लेख छ।

२०७८ भदौ २ गते जारी भएको राजनीतिक दल सम्बन्धी (दोस्रो संशोधन) अध्यादेश खारेज भइसकेकोमा उक्त अध्यादेश कायम रहँदाका बखत राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३३(२) को व्यवस्थालाई कार्यान्वयन गर्न राजनीतिक दलसम्बन्धी नियमावली, २०७४ को नियम ५ मा भएको संशोधनले निरन्तरता प्राप्त गर्ने सक्ने वा नसक्ने भन्ने कुरा सर्वोच्चले निक्यौंल गर्न लागेको हो।

निर्वाचन आयोग बाहेकका अन्य प्रत्यर्थीहरूको लिखित जवाफ पेश हुन बाँकी नै रहेको र परिवर्तित परिवेशमा निर्वाचन आयोगले प्रतिनिधि सभा निर्वाचन प्रयोजनका लागि दल दर्ता गर्न अन्तिम समय सीमा मिति २०८२ कात्तिक ३० गतेसम्म निर्धारण गरेको अवस्था र स्थितिलाई समेत दृष्टिगत गर्दा सोअगावै प्रस्तुत रिट निवेदनको अन्तिम सुनुवाइ गरी टुंगो लगाउन उपयुक्त हुने देखिएकाले कात्तिक २५ गतेभित्र लिखित जवाफ पेश गरिसक्न सर्वोच्चले आदेश दिएको हो।

# बिहारमा पहिलो चरणको मतदान सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । भारतको बिहार प्रान्तमा बिहीबार पहिलो चरणको विधान सभा निर्वाचन सम्पन्न भएको छ।

पहिलो चरणमा १८ जिल्लाका १२१ विधान सभा सिटका लागि मतदाताहरूले आफ्नो मताधिकार प्रयोग गरेका छन्।



बिहारको राजधानी पटना पनि पहिलो चरणमै मतदान हुने जिल्लामा परेको छ।

यस चरणमा उपमुख्यमन्त्री सम्राट चौधरी, उपमुख्यमन्त्री विजय सिन्हा र राष्ट्रिय जनता दल (राजद) का नेता तेजस्वी यादवजस्ता चर्चित नेताहरू प्रतिस्पर्धामा छन् । बिहार विधान सभा निर्वाचन यसपटक दुई चरणमा सम्पन्न हुने कार्यक्रम रहेको छ।

पहिलो चरणको मतदान बिहीबार सम्पन्न भएको छ भने दोस्रो चरण ११ नोभेम्बर (२५ कात्तिक) मा हुने जनाइएको छ।

निर्वाचन आयोगले १४ नोभेम्बर (२८ कात्तिक) मा नतिजा सार्वजनिक गर्ने जनाएको छ।

कूल २४३ सिटका लागि भइरहेको यस निर्वाचनमा मुख्य प्रतिस्पर्धा सत्तारूढ राष्ट्रिय लोकतान्त्रिक गठबन्धन (एडीए) र विपक्षी महागठबन्धनबीच रहनेछ।

एनडीएमा भारतीय जनता पार्टी (भाजपा), जनता दल (युनाइटेड), लोक जनशक्ति पार्टी (रामविलास), हिन्दुस्तानी अवाम मोर्चा र राष्ट्रिय लोक मोर्चा आवद्ध छन्।

त्यस्तै महागठबन्धनमा राष्ट्रिय जनता दल (राजद), भारतीय राष्ट्रिय कांग्रेस, विकासशील इन्सान पार्टी, कम्युनिस्ट पार्टी अफ इन्डिया, सीपीआई (एम) र सीपीआई (एमएल) सामेल छन्।

महागठबन्धनले तेजस्वी यादवलाई मुख्यमन्त्रीका उम्मेदवारका रूपमा अघि सारेको छ भने एनडीएको नेतृत्व भाजपा र जनता दल (युनाइटेड)ले गरिरहेको छ।

बिहारमा यसपटक कुल ७ करोड ४३ लाखभन्दा बढी मतदाता रहेका छन्।

तीमध्ये करिब ३ करोड ९२ लाख पुरुष र ३ करोड ४९ लाख महिला मतदाता रहेका छन्।

त्यसैगरी करिब १४ लाखभन्दा बढी १८ देखि १९ वर्षका मतदाता पहिलो चरणको मतदान गरेका छन्। ७ लाखभन्दा बढी अपांगता भएका मतदाता र १७ सयभन्दा बढी तेस्रोलिंगी मतदाता पनि मतदान प्रक्रियामा सहभागी भएका छन्।

पहिलो चरणमा भएको निर्वाचनको क्रममा नेपाल-भारत सीमानाका बन्द गरिएको थियो।

# जनकपुर-ढल्केवर सडकखण्डमा आकाशे पुलको निर्माण हुँदै



**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुर-ढल्केवर ६ लेन सडकखण्डमा विभिन्न ठाउँमा तीन वटा आकाशे पुलको निर्माण कार्य भइरहेको छ।

करिब साढे १० करोडको लगानीमा सडक डिभिजन कार्यालय मुजेलिया जनकपुरधामद्वारा निर्माण कार्य भइरहेको छ।

व्यापारी राजमार्गको रूपमा रहेको सो राजमार्गमा अत्यधिक पैदल यात्रीको भीड रहेको भन्दै धनुषाको क्षीरेश्वरनाथ नगरपालिकास्थित महिला विकास चोक तथा सखुवा चोकमा गरेर दुई वटा र सोही सडक खण्डको लक्ष्मीनिया गाउँपालिकाको बजार चोकमा एक वटा आकाशे पुलको निर्माण गर्ने हुन लागेको छ। क्षीरेश्वरनाथ नगरपालिकाको महिला विकास चोकमा ३ करोड ३५ लाख रुपैयाँ, सखुवा चोकमा ३ करोड ५७ लाख रुपैयाँ तथा लक्ष्मीनिया गाउँपालिकाका आकाशे पुलको निर्माण ३ करोड ४२ लाख रुपैयाँ भ्याटसहितको लागतमा दुई वटा निर्माण कम्पनीले आकाशे पुलको निर्माणको लागि ठेक्का पाइ काम गरिरहेको सडक डिभिजन कार्यालय मुजेलियाका प्रमुख डिभिजनल ईन्जिनियर दरोगा प्रसादले जानकारी दिए।

चालु आर्थिक वर्षको असार भित्रमा निर्माण सम्पन्न गर्ने सो आकाशे पुलको उचाइ ५.६ मिटर तथा लम्बाई २९.४ मिटर र पुलको चौडाइ ३ मिटर रहेको सो कार्यालयका साईट इञ्जिनियर उज्जवल झाले बताए।

# स्वास्थ्यकर्मीलाई काममा फर्किन आह्वान

**टुडे समाचारदाता**

जनकपुरधाम । केही दिनदेखि जनकपुरधाममा आन्दोनरत स्वास्थ्यकर्मीहरुको आन्दोलनप्रति ध्यानाकर्षण भएको भन्दै एशोसिएशन अफ प्राइभेट हेल्थ इन्स्टिच्युसन अफ नेपालले स्वास्थ्यकर्मीहरुलाई काममा फर्किन आह्वान गरेको छ।




जनकपुरधाममा बिहीबार पत्रकार सम्मेलन गर्दै एशोसिएशन अफ प्राइभेट हेल्थ इन्स्टिच्युसन अफ नेपालले स्वास्थ्य सेवाको संवेदनशीलतालाई दृष्टिगत गरी स्वास्थ्यकर्मीहरुलाई काम फर्किन आग्रह गरेका छन्।

एशोसिएशन अफ प्राइभेट हेल्थ इन्स्टिच्युसन अफ नेपालले संघीय सरकारले गठन गरेको पारिश्रमिक अध्ययन समितिको निष्कर्षसम्म पर्खिनका लागि आग्रह गर्दै तत्काल काम फर्किनका लागि आग्रह अध्यक्ष डा. एस. के. सिंहले गरे।

अध्यक्ष डा. सिंहले संगठनले अस्पतालहरूको आर्थिक क्षमता, सेवाग्राहीको भुक्तानी क्षमता र स्वास्थ्यकर्मीको श्रम मूल्यलाई सन्तुलनमा राख्ने गरी व्यवहारिक समाधान खोज्न सुझाव दिए । उनले भने, 'अस्पताल, स्वास्थ्यकर्मी र सरकारबीच संवाद र सहकार्य नै दीर्घकालीन समाधान हो । हामी सरकारको निर्णयप्रति आशावादी छौं र त्यसको कार्यान्वयनलाई सहयोग गर्नेछौं।'

सचिव हरिश्चन्द्र यादवले निजी क्षेत्रका अस्पतालहरू अहिले आर्थिक दवाबमा रहे पनि स्वास्थ्यकर्मीको अधिकारबाट आफूहरु वञ्चित गर्ने पक्षमा नरहेको प्रस्ट्याए। उनले स्वास्थ्यकर्मीहरूलाई सम्मानजनक तलब दिनुपर्ने हाम्रो साझा धारणा रहेको बताए।

निजी अस्पतालहरूमा कार्यरत स्वास्थ्यकर्मीहरूले पारिश्रमिक असमानता, न्यून तलब र करार सेवाको अस्थिरता विरुद्ध आन्दोलन थालेका छन् । उनीहरूले निजी र सरकारी दुवै क्षेत्रका स्वास्थ्यकर्मीबीच समान मूल्यांकनको माग गरेका छन्।

संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कार्तिक १६ गते सार्वजनिक गरेको विज्ञप्तिमा प्रा. डा. श्रीकृष्ण श्रेष्ठको संयोजकतामा अस्पताल वर्गीकरण तथा पारिश्रमिक कार्ययोजना तयार गर्ने समिति गठन गरेको थियो । सो समितिले एक महिनाभित्र स्वास्थ्यकर्मीको पारिश्रमिक सम्बन्धी नीति तथा कार्ययोजना तयार पार्ने उल्लेख छ।

# बालबालिकालाई भिटामिन 'ए' र जुकाको औषधि खुवाइने

**टुडे समाचारदाता**

जनकपुरधाम।बालबालिकालाई बिहीबारदेखि भिटामिन 'ए' र जुकाको औषधि खुवाउन थालिएको छ। भिटामिन 'ए' कार्यक्रम कात्तिक २१ गते शुक्रबार पनि संचालन हुने जनाइएको छ।



राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम अन्तर्गत ६ महिनादेखि ५ वर्ष उमेरसम्मका बालबालिकालाई भिटामिन 'ए' तथा एकदेखि पाँच वर्षसम्मका बालबालिकालाई जुकाको औषधि खुवाइँदैछ। स्वास्थ्य निर्देशनालयका निर्देशक सरोजचन्द्र न्यौपानेलेजनकपुरधाम-२३बिन्धीस्थित स्वास्थ्यचौकीमा बिहीबार बिहान बालबालिकालाई भिटामिन 'ए' खुवाएर मधेश प्रदेशमा उक्त कार्यक्रमको सुरुवात गरिएको छ।

भिटामिन 'ए' राष्ट्रिय स्तरका कार्यक्रम रहेकाले सहभागी भएर कार्यक्रमलाई सफला पार्नका लागि सबैमा आग्रह पनि गरे।

स्वास्थ्य कार्यालय धनुषाका जनस्वास्थ्य प्रशासक उमेश यादवले बालबालिकामा हुनसक्ने स्वास्थ्य जटिलता तथा कुपोषणको जोखिम न्यूनीकरण गर्नका लागि सरकारले २०५० सालदेखि राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम सञ्चालन गर्दै आएको बताए। जुकाको औषधि भने २०५६ बाट खुवाउन थालिएको उनले बताए।

भिटामिन 'ए' को कमीले बालबालिकाको वृद्धि विकासमा असर, रतन्धो, कुपोषण, दीर्घरोग, रोगविरुद्ध लड्ने क्षमतामा कमी जस्ता समस्या हुन्छन्।

भिटामिन 'ए' ले हड्डीलाई मजबुत बनाउने, घाउ पुर्ने तथा रोग प्रतिरोधात्मक क्षमता बढाउने तथा छालालाई स्वस्थ राख्ने काम गर्छ। यसकासाथै यसले भोजनलाई शक्तिमा परिवर्तन गर्नुका साथै कोषलाई समेत स्वस्थ राख्छ।

# कृषि क्षेत्रमा व्यापक क्षति

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा बेमौसमीका कारण कृषि क्षेत्रमा व्यापक क्षति भएको छ। अन्नभण्डारका रूपमा चिनिएको मधेश प्रदेशका किसानले बेमौसमीका कारण खडेरी, बाढी डुबान र बेमौसमी वर्षाको मारमा झेल्नु परेको छ।



धान रोप्ने समयमा वर्षा नहुँदा खडेरीको समस्या झेलेका किसानले रोपेको धान भित्र्याउने समयमा झरी, बाढी र डुबान झेल्नु परेको छ।

कृषि विकास निर्देशनालयले जनाएअनुसार मधेश प्रदेशमा धान खेतीयोग्य ३ लाख ७० हजार हेक्टर क्षेत्रफलमध्ये यस वर्ष ३ लाख २९ हजार ७२५ हेक्टरमा रोपाइँ भएको छ । सिचाइँको अभावमा करिब ११ प्रतिशत खेत बाँझो नै रहेको छ।

असोजमा आएको बाढीले मात्र २ अर्ब ६२ करोड रुपैयाँभन्दा बढी मूल्य बराबरको धानमा क्षति पुऱ्याएको निर्देशनालयले जनाएको छ । निर्देशनालयका सूचना अधिकारी प्रदीप यादवले कूल २६ हजार ९६७ हेक्टर क्षेत्रफलमा लगाइएको धानबाली नष्ट भएको जानकारी दिए।

मधेश प्रदेशको महोत्तरीमा ९६ करोड रुपैयाँभन्दा बढीको क्षति भएको जनाइएको छ। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले असोजकै वर्षाबाट विभिन्न बालीमा करिब ६ अर्ब ६१ करोड रुपैयाँ बराबरको क्षति भएको जनाएको छ । जसमध्ये १२ करोड ९४ लाख बराबरको माछा, एक अर्ब १७ करोड २८ लाख बराबरको उखु, दुई अर्ब १२ करोड ३७ लाख बराबरको तरकारी, ४२ करोड १९ लाख बराबरको फलफूल र १३ करोड ४८ लाख बराबरका अन्य बालीमा क्षति पुगेको छ।

बेमौसमी वर्षातका कारण कार्तिक महिनामा मोन्था चक्रवातको प्रभावले धान भित्र्याउने बेला खेतमा पाकेका बाली भिजेर सड्न थालेका छन्। धनुषाको क्षीरेश्वरनाथ नगरपालिकाका किसान रामउद्गार महतोले बेमौसमी वर्षाले धानमात्र नभएर दलहन, तेलहन, आलु, तरकारी र माछापालनमा समेत ठुलो असर गरेको बताए।

कृषि ज्ञान केन्द्र महोत्तरीका प्रवक्ता अविरल कुमार महतोले कार्तिकमा परेको बेमौसमी वर्षाले यस वर्ष धान उत्पादनमा करिब २० देखि २५ प्रतिशतसम्म ह्रास ल्याउने अनुमान गरिएको बताए।

**स्वदेशी वस्तुको प्रयोग गरौं ।**

**सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोग सम्बन्धी निर्देशिका, २०८१ मा–**

- सार्वजनिक निकायले कुनै वस्तु वा सेवा खरिद गर्दा स्वदेशी वस्तु तथा सेवा खरिद गर्नुपर्ने,
- त्यस्तो वस्तु वा सेवा उत्पादन गर्ने उत्पादकले थोक तथा बिक्री मुल्य प्रकाशन गर्नुपर्ने,
- सार्वजनिक निकायमा कार्यरत कर्मचारी तथा पदाधिकारीले उपलब्ध भएसम्म स्वदेशी उद्योगबाट निर्मित पोसाक प्रयोग गर्नुपर्ने,
- सार्वजनिक निकायबाट आयोजना हुने कार्यक्रम, गोष्ठी र सेमिनारमा स्वदेशी वस्तुको प्रयोग गर्ने, व्यवस्था छ।

**स्वदेशी वस्तुको प्रयोगबाट स्वदेशी उद्योगको संरक्षण हुन्छ**

**उक्त व्यवस्थाको पालना गरौं र गराऔं !**

नेपाल सरकार
विज्ञापन बोर्ड

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८